# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२

District Disaster Preparedness and Response Plan, 2025












जिल्ला विपद् व्यवस्थापन समिति,

बर्दिया

श्रावण, २०८२




| | |
|---|---|
| दस्तावेजः | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२<br>District Disaster Preparedness and Response Plan, 2025 |
| प्रकाशकः | जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया |
| प्रकाशन मितिः | २०८२ श्रावण |
| सर्वाधिकारः | ©प्रकाशकमा |
| सल्लाहकार÷सम्पादकः | श्री सुरेन्द्र पौडेल, प्रमुख जिल्ला अधिकारी, बर्दिया |
| सम्पादकः | श्री रोशन कुमार कठायत, सहायक प्रमुख जिल्ला अधिकारी, बर्दिया<br>श्री बिमल गुरुङ, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| कम्प्यूटरः | श्री गंगाराम अधिकारी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बर्दिया |
| जोखिम नंक्शांः | गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बाँसगढी र बारबर्दिया नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालकिा |
| तथ्यांक | स्थानीय तह, विषगत कार्यालय, जिल्ला प्रहरी कार्यालय, DEOC |
| आर्थिक सहयोगः | |

## कार्यकारी सारांश

बर्दिया जिल्ला विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट उच्च प्रभावित जिल्ला हो । यो जिल्लामा हरेक वर्ष बिशेष गरी बाढी/डुबान, आगलागी, मानव वन्यजन्तु द्धन्द्ध, हावाहुरी, सर्पदंश, शितलहर, लू, महामारी, भुकम्प जस्ता प्रकोपका कारण उत्पन्न विपद्बाट बढी प्रभावित भइरहेको पाईन्छ । त्यसैगरी सुख्खा खडेरी, फौजीकिराको प्रकोप, सडक दुर्घटनाबाट पनि जनधनको क्षति भइरहेको पाईन्छ । कर्णाली नदी, बबई नदी, औरही खोला, मान खोलामा आउने बाढी, बर्षाका कारण हुने डुबान, घर वरिपरि निस्कने सर्पको टोकाई र गर्मीयाममा हुने आगलागीका घटना एवम् हिउँदमा हप्तौं चल्ने शितलहरका कारणले जिल्लाका अधिकांश विपन्न घरपरिवार तथा समुदाय विपद् जोखिममा रहेका छन् । तुलनात्मक रुपमा हरेक वर्ष दोहोरिने र एकैपटक धेरै जनसंख्यालाई प्रभाव पार्ने भएकाले बर्दिया जिल्लामा बाढी/डुबान र हावाहुरी मुख्य प्रकोपको रुपमा रहेको छ । यसर्थ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बाढी विपद्को प्रतिकार्यका लागि बढी केन्द्रित रहेको पाईन्छ । यसका साथसाथै, विगत केही वर्षदेखि विभिन्न माहामारीका प्रभावबाट मानविय क्षती भएको छ । यसकारण यस पूर्वतयारी तथा प्रतिकार्य योजनामा महामारी रोकथाम र नियन्त्रणका लागि आवश्यक पूर्वतयारी र प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु समेत समेटिएको छ ।

नेपाल सरकार, गृह मन्त्रालयबाट जारी भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संशोधन २०७६), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७६) जस्ता दस्ताबेजहरुका मार्गदर्शन तथा स्थानीय गाउँपालिका र नगरपालिकाबाट निर्माण भएका कानून एवम् संकलित सूचना र सुरक्षा निकायका साथै जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त सूचनाको आधारमो "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२" तयार गरिएको छ ।

विगतका वर्षहरुमा भएका विपद्का घटनाहरुको असर र प्रभावको आधारमा बर्दिया जिल्लामा विद्यमान वा अनुमानित प्रकोपका कारण सृजित बिभिन्न बिपद्बाट २० हजार घर परिवारका १ लाख व्यक्तिहरु प्रभावित हुने अनुमान सहित क्षेत्रगत अवधारणा अनुरुप ८ वटा विषयगत क्षेत्रको प्रतिकार्य योजना र प्राथमिकता प्राप्त पूर्वतयारीको कार्य सहितको योजना समावेश गरिएको छ । यसका अलावा बिषयगत क्षमता (Capacity) र खाडल (Gap) पहिचान गरिनुका साथै गाउँ/नगरपालिकाहरुको साझा पूर्वतयारी कार्यहरु, स्वास्थ्य आपतकालिन सेवा र जल तथा मौसम विज्ञान कार्यालयको प्रतिकार्य योजना समेत समावेश गरिएको छ । यसरी नै सबै बिषयगत क्षेत्रको प्रतिकार्य तथा पूर्वतयारी योजनामा Gender in Emergency र विपदमा बालबालिकाको संरक्षणलाई मुलप्रवाहीकरण गरिएको छ । साथै, विपद् जोखिम न्यूनीकरणका लागि प्रमुख क्रियाकलापहरू कार्यान्वयन गर्न र मौसम पूर्वानुमानका आधारमा बाढी पूर्व तयारीका लागि जिल्ला स्तरीय कार्य सञ्चालन विधि (Standard Operating Procedure) लाई सन्दर्भ सामग्रीको रुपमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अंगको रुपमा समावेश गरिएको छ ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.:०८२/०८३

च.नं.:स्था.प्र./

Google Plus Code:
683V+HM Gulariya

**प्राक्कथन**

बर्दिया जिल्ला भौगोलिक, सामाजिक र आर्थिक विविधताले भरिपूर्ण मात्र नभई विपद् जोखिमको दृष्टिले पनि संवेदनशील जिल्ला हो। बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ, शीतलहर, लु, हावाहुरी, मानव वन्यजन्तु द्वन्द्व, जनावरजन्य रोग, मानव स्वास्थ्यमा असर पार्ने महामारी जस्ता विपद्हरूले प्रत्येक वर्ष जिल्लावासीको जीवन, जीविका र सम्पत्तिमा गम्भीर असर पुऱ्याउँदै आएका छन्। यस सन्दर्भमा विपद् व्यवस्थापन अब केवल प्रतिक्रियात्मक कार्यमा सीमित नभई, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना सबै चरणलाई समेट्ने दिगो र व्यवहारिक योजनाको आवश्यकता अनिवार्य छ।

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२, यही आवश्यकता पूरा गर्ने उद्देश्यले तयार गरिएको हो। यस योजनामा सम्भावित विपद् पहिचान, जोखिम नक्साङ्कन, स्रोत-साधनको सूचीकरण, सचेतना र क्षमता विकास कार्यक्रम, प्रारम्भिक चेतावनी प्रणाली, राहत तथा उद्धार संयन्त्रको स्पष्ट कार्यविभाजन समावेश गरिएको छ। स्थानीय तह, सुरक्षा निकाय, सरोकारवाला निकाय, सामुदायिक संस्थाहरू र स्वयंसेवक समूहबीचको समन्वयलाई यस योजनाले प्राथमिकता दिएको छ, ताकि विपंद् आउनु अघि नै उचित पूर्वतयारी गर्न सकियोस् र विपद् आएपछि छिटो, प्रभावकारी प्रतिकार्य गर्न सकियोस्।

यस योजनाको सफल कार्यान्वयनका लागि सबैको सक्रिय सहभागिता अपरिहार्य छ। जिल्ला प्रशासन कार्यालय मात्र नभई प्रत्येक स्थानीय तह, नागरिक समाज, सञ्चार माध्यम, गैर-सरकारी संस्था तथा निजी क्षेत्र सबैको भूमिकाले यसलाई सार्थक बनाउनेछ। हामीले विपद् व्यवस्थापनलाई सामूहिक जिम्मेवारीको रूपमा लिई, "सुरक्षित जिल्ला, सुरक्षित जीवन" भन्ने लक्ष्यका साथ अगाडि बढ्नुपर्छ।

प्रस्तुत योजनाले विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यलाई विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी गर्न विपद्मा खोज, उद्धारलाई प्रभावकारी बनाउन र विपद् पश्चात राहत, पुनर्स्थापना तथा पुनःनिर्माण गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास समेत लिएको छु । योजना अद्यावधिक गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरुको सक्रियता प्रति आभारी छु। त्यसैगरी, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०८२ छपाईमा सहयोग गर्नुहुने संघ संस्थाहरुलाई धन्यबाद र योजना निर्माण तथा अद्यावधिकमा सक्रिय भई भूमिका निर्वाह गर्ने सहायक प्रमुख जिल्ला अधिकारी श्री रोशन कुमार कठायत, प्रशासकीय अधिकृत एवम् विपद् सम्पर्क व्यक्ति श्री बिमल गुरुङ्ग र कम्प्यूटर अपरेटर श्री गंगाराम अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजनाले विपद्का समयमा गरिने प्रतिकार्यलाई सहज र योजनावद्ध गर्न थप मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

८२/०४/३०

सुरेन्द्र पौडेल

प्रमुख जिल्ला अधकिारी एवम्

अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति

श्रावण, २०८२


बर्दिया जिल्लाको सडक संजाल नक्सा
N
गेरुवा गाउँपालिका
राजापुर नगरपालिका
ठाकुरबाबा नगरपालिका
बर्दिया राष्ट्रिय निकुञ्ज
मधुवन नगरपालिका
बारबर्दिया नगरपालिका
बाँसगढी नगरपालिका
गुलरिया नगरपालिका
बढैयाताल गाउँपालिका
मुख्य सड्क
सहायक सड्क
0 4.5 9 18 Kilometers

# बिषय सूचि


खण्ड एक १

१. बर्दिया जिल्लाको संक्षिप्त परिचय १

१.१ जिल्लाको पृष्ठभूमी १

१.१.१ भौगोलिक अवस्थिति, सीमाना १

१.१.२ प्रमुख नदी-नाला र ताल तलैयाहरूः २

१.१.३ पर्यटकीय स्थल २

१.१.४ व्यापारिक महत्वका स्थानहरूः २

१.१.५ राजनैतिक एवं प्रशासनिक विभाजनः ३

१.१.६ भू-क्षेत्रको वर्गीकरणः ३

१.१.७ जलवायु तथा हावापानीः ४

१.१.८ जनसंख्या विवरणः ४

१.२ विपद् जोखिम र संकटासन्नता ५

खण्ड दुई ६

२. विपद् जोखिम तथा प्रभाव आंकलन ६

२.१.पृष्ठभूमीः ६

२.२ विपद् पूर्वतयारी ७

२.३ कार्ययोजनाको उद्देश्यः ८

२.४ कार्ययोजना निर्माण प्रक्रिया ९

२.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्न तीन चरणका कार्यहरू समेटिनेछन् : १०

२.६ योजनाको सिमितताः १२

२.७ विपद् व्यवस्थापनका लागि अवलम्बन गरिने रणनीतिः १२

२.८ विपद् व्यवस्थापन सम्बन्धी संबैधानिक कानूनी तथा नीतिगत व्यवस्थाहरू १३

२.८.१ नेपालको संविधानः १३

२.८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४: १४

२.८.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली, २०७६: १४

२.८.४ १६औं आवधिक योजना (२०८१/८२-२०८५/८६): १४

२.८.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४ १५

२.८.६ राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७० १५

२.८.७ दीगो विकास लक्ष्यहरू (सन् २०१५-२०३०) १५

२.९ कार्ययोजना कार्यान्वयन २०

२.१० मानबीय प्रतिकार्यमा लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन २१

२.११ विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः २२

| | |
|---|---|
| खण्ड तीन | २५ |
| ३. विपद् जोखिम अवस्थाको विश्लेषण | २५ |
| ३.१ विपद्जन्य जोखिम विश्लेषण | २५ |
| ३.२ चालु आ.व. २०८१/८२ को विपद्को पूर्वानुमान | २८ |
| ३.३ चालु आ.व. २०८१/८२ को विपद्को जोखिमको आंकलन | २९ |
| ३.४ चालु आ.व. २०८२/८३ को विपद्को जोखिमको आंकलन | २९ |
| ३.४ जिल्लास्थित स्रोत-साधनको आँकलन | ३१ |
| ३.५ भौतिक साधन श्रोतको आवश्यकता | ३३ |
| खण्ठ चार | ३४ |
| ४. विपद्को समिक्षा र सिकाइ | ३४ |
| ४.१ विगतका आ.व.हरुमा भएको विपद्का घटनाको समिक्षा र सिकाई | ३४ |
| ४.२ आ.व. २०८०/०८१ मा विपद्बाट भएको क्षति | ३६ |
| ४.३ आ.व. २०८१/०८२ मा विपद्बाट भएको क्षति | ३६ |
| ४.४ उच्च प्राथमिकता दिई तत्काल गर्नु पर्ने कार्यहरु | ३७ |
| खण्ड पाँच | ३९ |
| ५. सम्बन्धित निकायको जिम्मेवारी | ३९ |
| ५.१ जिल्ला विपद् व्यवस्थापन समिति | ३९ |
| ५.२ स्थानीय विपद् व्यवस्थापन समिति : | ४० |
| ५.३ जिल्ला प्रशासन कार्यालय | ४१ |
| ५.४ जिल्ला समन्वय समिति | ४३ |
| ५.५ स्थानीय तह | ४३ |
| ५.६ सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नगर प्रहरी) | ४५ |
| ५.७ राजनीतिक दल | ४६ |
| ५.८ निजी क्षेत्रको जिम्मेवारी | ४६ |
| ५.९ स्वास्थ्य कार्यालय/जिल्ला अस्पताल/आयूर्वेद केन्द्र | ४६ |
| ५.१० खानेपानी तथा सरसफाई कार्यालय | ४७ |
| ५.११ संघीय आयोजना कार्यान्वयन इकाई र शहरी विकास तथा भवन कार्यालय | ४७ |
| ५.१२ एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | ४८ |
| ५.१३ शिक्षा विकास तथा समन्वय इकाई | ४८ |
| ५.१४ नेपाल विद्युत प्राधिकरण | ४९ |
| ५.१५ डिभिजन वन कार्यालय | ४९ |
| ५.१६ बर्दिया जिल्ला कार्यक्षेत्र भएका आयोजनाहरु | ४९ |
| ५.१७ टेलिकम | ५० |
| ५.१८ संघसंस्थाको जिम्मेबारी | ५० |
| ५.१९ जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | ५१ |

५.२० स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र ५१
५.२१ नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र ५१
खण्ड छ ५२
६. क्षेत्रगत प्रतिकार्य कार्ययोजना ५२
६.१. समन्वय तथा सूचना व्यवस्थापन ५२
६.२. खोज तथा उद्धार ५८
६.३ गैरखाद्य सामाग्री तथा शिविर व्यवस्थापन ६४
६.४ खाद्य तथा गोदाम व्यवस्थापनः ७१
३.५ खानेपानी तथा सरसफाई ७९
६.६ संरक्षण ८३
६.७ स्वास्थ्य तथा पोषणः ८९
६.८ आपतकालिन शिक्षाः ९४
६.९ पुर्नस्थापना तथा पुनर्निर्माणः १०१
खण्ड सात १०५
७.प्रतिवेदन तथा अभिलेखन १०५
७.१ प्रतिवेदन तथा संचार १०५
७.२ संस्थागत व्यवस्थाः १०५
७.३ अभिलेखिकरणः १०५

## शब्द सक्षेंप :

| सि.नं. | छोटकरी | विस्तृत |
|---|---|---|
| १. | जि.वि.व्य.स.<br>DDMC | जिल्ला विपद् व्यवस्थापन समिति<br>District Disaster Management Committee |
| २. | स्था.वि.व्य.स.<br>LDMC | स्थानीय विपद् व्यवस्थापन समिति<br>Local Disaster Management Committee |
| ३. | जि.स.स. | जिल्ला समन्वय समिति |
| ४. | प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ५. | जि.स.अ. | जिल्ला समन्वय अधिकारी |
| ६. | प्र.प्र.अ. | प्रमुख प्रशासकीय अधिकृत |
| ७. | न.पा. | नगरपालिका |
| ८. | गा.पा. | गाउँपालिका |
| ९. | स्वा.का. | स्वास्थ्य कार्यालय |
| १०. | प.से.का. | पशु सेवा शाखा |
| ११. | ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| १२. | ने.से. | नेपाली सेना |
| १३. | सं.प्र. | संघीय प्रहरी |
| १४. | प्र.प्र. | प्रदेश प्रहरी |
| १५. | न.प्र. | नगर प्रहरी |
| १६. | स.प्र.ब.ने. | सशस्त्र प्रहरी बल नेपाल |
| १७. | म.बा.शा. | महिला तथा बालबालिका शाखा |
| १८. | डि.व.का. | डिभिजन वन कार्यालय |
| १९. | ज.उ.प्र.नि.बि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| २०. | रा.अ.गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| २१. | UNICEF | United Nations International Children’s Emergency Fund |
| २२. | DHM | Department of Hydrology and Metrology |
| २३. | D-WASH CC | District Water and Sanitation and Hygiene Coordination Committee |
| २४. | NRCS | Nepal Red Cross Society |
| २५. | PDNA | Post Disaser Need Assessme |
| २६. | LDCRC | Local Disaster Climate and Resilient Committee |
| २७. | LDCRP | Local Disaster Climate and Resilient Plan |
| २८. | CSDA | Cluster Specific Details Assessment |
| २९. | ACT | Assessment Coordination Team |

| सि.नं. | छोटकरी | विस्तृत |
|---|---|---|
| ३०. | IRA | Initial Rapid Assessment |
| ३१. | MIRA | Multi Cluster Rapid Assessment |
| ३२. | DPRP | District Disaster Preparedness Plan |
| ३३. | PEOC | Province Emergency Operation Center |
| ३४. | DUDBC | Department of Urban Development and |
| ३५. | DCC | District Coordination Committee |
| ३६. | NFRI Kit | Non Food Relief Iteam kit |
| ३७. | SAM | Severe Acute Malnutrition |
| ३८. | SFP | Supplementary Feeding Programme |
| ३९. | RRT | Rapid Response Team |
| ४०. | EDPS | Epidemiology Development Programms |
| ४१. | ECD Kit | Early Child Development kit |
| ४२. | LLIN | Long Lasting Insecticidal Net |
| ४३. | QRT | Quick Response Team |
| ४४. | RRT | Rapid Resonse Team |
| ४५. | DRR Portal | Disaster Risk Riduction Portal |
| ४६. | DRR&M Act | Disaster Risk Riduction and management Act |
| ४७. | CC | Camp Coordination |
| ४८. | CM | Camp Management |

# खण्ड एक

## १. बर्दिया जिल्लाको संक्षिप्त परिचय

### १.१ जिल्लाको पृष्ठभूमी

लुम्बिनी प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्न भण्डारको रुपमा चिनिन्छ । यो जिल्लाको पुर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेशको बहराईच जिल्ला पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मी. मध्ये दुई तिहाई भन्दा बढी भु-भाग (६८.७६ प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ। बिगतमा आदीबासी थारुहरुको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरुमा बाहिरी जिल्लाहरुबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक बिबिधता रहेको छ।

सुगौली सन्धीबाट गुमेको भु-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगायत उल्लेखित जिल्लाहरु नयाँ मुलुकको रुपमा पनि चिनिन्छन् । यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवम् पौराणीक आख्यानहरु रहेको पाइन्छ । ती मध्ये केही यस प्रकार छन् ।

- थारु भाषामा गाईगोरु पाल्नेलाई वर्दवा भनिन्छ । बर्दिया जिल्लामा गाईगोरुलाई प्रशस्त चरनक्षेत्र भएकोले धेरै गाई गोरु पाल्ने र वर्दवाहरु धेरै बसोबास गर्ने भएकाले पछि वर्दवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने भनाई छ ।
- साविक पदनाह गा.वि.स. हालको बारबर्दिया नगरपालिकामा वारवर्दिया भन्ने गाँउ छ, पहिले यसै ठाँउमा हरिहर उपाध्याय नामका ठुला जमिन्दारको महल थियो । बर्दियामा खेतिको लागि उपयुक्त जमिन भएको कारण बाहिरबाट बसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई छ ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, बर्दिया राष्ट्रिय निकुञ्ज, देशकै लामो कर्णाली नदी, धार्मिक-भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक साँस्कृतिक, सहिष्णुता सहितको समाज समेतले बर्दियाको चिनारी दिइरहेको छ ।

#### १.१.१ भौगोलिक अवस्थिति, सीमाना

यस जिल्लाको भौगोलिक अवस्थालाई संक्षेपमा निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

तालिका-१, भौगोलिक अवस्थिति र सीमानाः

| | |
|---|---|
| अक्षांस | २८°१७० उत्तरदेखी २८°३९० उत्तर सम्म |
| देशान्तर | ८१°३० पूर्वदेखी ८१°४१० |

| | |
|---|---|
| पूर्व | बाँके जिल्ला |
| पश्चिम | कैलाली जिल्ला |
| उत्तर | सुर्खेत र सल्यान जिल्ला |
| दक्षिण | भारतको उ.प्र.को बहराईच जिल्ला |
| क्षेत्रफल | २,०२५ व. कि. मि. |
| औषत लम्बाई | ६४ कि.मि. |
| औषत चौडाई | ३५.७१ कि.मि. |
| उचाई | समुन्द्र सतहबाट १३८ मि. १२७९ मि.सम्म |
| अधिकतम उचाई | १२७९ मि.(चेपाङ गाउँ) |

१.१.२ प्रमुख नदी-नाला र ताल तलैयाहरू:

जलसाधनलाई सबैभन्दा महत्वपूर्ण प्राकृतिक श्रोत रुपमा लिन सकिन्छ । कृषि, उर्जा, उद्योग जस्ता आर्थिक क्षेत्रको विकास गर्न यसको महत्वपूर्ण भुमिका हुनसक्छ । भौगोलिक बनावटका कारण यस जिल्लामा धरातलीय जलश्रोत प्रचुर मात्रामा रहेको छ । यहाँका जलभण्डारहरूमा मूलतः नदिनाला र तालतलैयाहरू पर्दछन् । यस जिल्लामा

बग्ने मुख्य नदी र खोलाहरूमा कर्णाली नदी, गेरुवा नदी, बबई नदी, ओराही खोला, बुढीकुला, मानखोला, डुडुवा नाला, रेउखोला, कुठरा लगनिया खोला आदि पर्दछन् । बाह्रै महिना पानी बग्ने यहाँका नदी र खोलाहरूबाट सिंचाईको सुविधा लिनसक्ने प्रचुर सम्भावना रहेको छ ।

१.१.३ पर्यटकीय स्थल

बबई नदी, सरयु नदी, वेहनावा नाला, भचना ताल, निमकोठिया, सिर्कोया, इन्टेक पार्क, बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र, बर्दिया राष्ट्रिय निकुञ्ज, बढैयाताल, सतखलुवाताल, चिसापानी पुल, कोठियाघाटमा रहेको नेपालको सवैभन्दा लामो पक्की पुल, कृष्णसार संरक्षण क्षेत्र, पर्बतिया मन्दीर, कोटही मन्दीर, बागेश्वरी मन्दीर, लक्ष्मीनारायण मन्दीर, थारु संग्रालय, सन्तोषी मन्दीर, बालापुर झोलुङ्गे पुल, गोल पार्क, बालापुर झोलुङ्गे पुल चेपाङ्ग गाउँ, ठाकुरद्वारा, डल्ला÷गोबिन्दपुर÷जनकनगर होमस्टे, ठाकुरबाबा मन्दिर, राजापुर गणेश मन्दिर, केदारेश्वर धाम (बाँसगढी), इन्टेक गेरुवा आदि यहाँका पर्यटकीय स्थलका रुपमा रहेका छन् ।

१.१.४ व्यापारिक महत्वका स्थानहरू:

यस जिल्लाको मुख्य बजारको रुपमा रहेको गुलरिया बजारका साथ साथै मधुवन, राजापुर, भुरीगाँउ, बाँसगढी, मैनापोखर, सितलाबजार, बगनाहा, स्याउलीबजार, ठाकुरद्वारा, भोलागौडी, कतर्निया, शान्तिबजार, खोल्टी वजार, पथरैया, विहानी बजार, मनाउँ, जयनगर, मानपुरटपरा, ओराली बजार आदि बर्दियाका मुख्य ब्यापारिक

क्षेत्रहरु हुन् ।

### १.१.५ राजनैतिक एवं प्रशासनिक विभाजनः

लुम्बिनी प्रदेश भित्र पर्ने यो बर्दिया जिल्लालाई २ वटा गाउँपालिका र ६ वटा नगरपालिका सहितको स्थानीय तह कायम गरीएको छ भने जसमा जम्मा ७५ वडाहरु रहेका छन् । २ गाउँपालिका र ६ नगरपालिकालाई २ वटा संघीय र ४ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरीएको छ । यसको विस्तृत विवरण यस प्रकार छ ।

तालिका नं. २, जिल्लाको राजनैतिक बिभाजनः

| विवरण | संख्या | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| संघीय निर्वाचन क्षेत्र | २ | क्षेत्र नं.१ बाँसगढी नगरपालिका, बढैयाताल गाउँपालिका, गुलरिया न.पा. र बारबर्दिया नगरपालिका<br>क्षेत्र नं.२ मधुवन नगरपालिका, ठाकुरद्वारा नगरपालिका, राजापुर नगरपालिका र गेरुवा गाउँपालिका |
| प्रदेश निर्वाचन क्षेत्र | ४ | क्षेत्र नं. १ः बाँसँगढी नपा र बढैयाताल गापा<br>क्षेत्र नं. २ः गुलरिया नपा र बारबर्दिया नपा वडा नं. ४ देखि ११ सम्म<br>क्षेत्र नं. ३ः बारबर्दियाको वडा नं.१ देखि ३ सम्म, मधुवन र ठाकुरबाबा नपा<br>क्षेत्र नं. ४ः राजापुर नपा र गेरुवा गाउँपालिका |
| नगरपालिका | ६ | १.बाँसँगढी नपा, २. गुलरिया नपा, ३. बारबर्दिया नपा,<br>४.मधुबन नपा, ५. ठाकुरबाबा नपा र ६. राजापुर नपा |
| गाउँपालिका | २ | १. बढैयाताल गापा र २. गेरुवा गापा |
| जम्मा वडा | ७५ | (१) बाँसँगढी नपामा ९ वडा , (२) गुलरिया नपामा १२ वडा,<br>(३) बारबर्दिया नपामा ११ वडा, (४) मधुबन नपामा ९ वडा,<br>(५) ठाकुरबाबा नपामा ९ वडा, (६) राजापुर नपामा १० वडा,<br>(७) बढैयाताल गापामा ९ वडा र (८) गेरुवा गापामा ६ वडा |

### १.१.६ भू-क्षेत्रको वर्गीकरणः

बर्दिया जिल्लाको भौगोलिक क्षेत्रलाई मुलतः दुई भाग चुरे क्षेत्र र तराई क्षेत्रमा वर्गीकरण गरिएको छ । यो क्षेत्रमा २० डिग्रीभन्दा कम भिरालोपना छ । माथिल्लो क्षेत्रमा चुरेबाट आउने बाढी गाउँ बस्तीमा प्रवेश गर्ने जोखिम छ भने तल्लो क्षेत्र समथर भू—भागको क्षेत्रमा भिरालोपनको अभावले गर्दा बर्षायाममा पानी जम्ने र निकासको समस्याले बाढी डुवानको रुप पनि लिने गर्दछ ।

१.१.७ जलवायु तथा हावापानीः

यस जिल्लाको भौगोलिक बनावट अनुसार हावापानी पनि तीन प्रकारको पाईन्छ । चूरे क्षेत्रमा शितोष्ण र तराइ क्षेत्रमा उष्ण (Tropical) प्रकारको हावापानी पाईन्छ । अधिकतम वार्षिक वर्षा २०५० मि.मि.रेकर्ड भएको पाइन्छ । बर्दिया जिल्लाको जलवायुको अभिलेख अनुसार औषत न्युनतम वर्षा १११८ मी.ली. छ । जसमध्ये ८५ प्रतिशत वर्षा मनसुन याममा हुने गर्दछ । तुलनात्मक रुपले उत्तरी क्षेत्रमा बर्दिया निकुञ्जको घना जङ्गलको प्रभावले बढी पानी पर्दछ । यस जिल्लाको औसत सापेक्षिक आद्र्रता ७१.४ छ । हावाको औसत वेग ३ कि.मि. प्रति घण्टा छ ।

हावापानीको दृष्टिले बर्दिया जिल्लालाई मुलतः ३ भागमा विभाजन गर्न सकिन्छ ।

क) गर्मी सुख्खा र समशितोष्ण हावापानी (Hot Dry sub-tropical climate)

ख) न्यानो सुख्खा समशितोष्ण हावापानी (Warm Dry sub-tropical climate)

ग) शितोष्ण आद्र हावापानी (Cool moist Tropical)

१.१.८ जनसंख्या विवरणः

जनगणना २०७८ अनुसार बर्दिया जिल्लामा कुल जनसंख्या ४,५९,९०० रहेको छ । जसमा पुरुषको जनसंख्या २,१६,७६६ जना र महिलाको जनसंख्या २,४३,१३४ जना छ । यस जिल्लामा कुल परिवार संख्या १,०६,३२६ छ । औषत घरपरिवारको आकार ४.३३ छ । जनघनत्व २२७ प्रति वर्ग कि.मि र बार्षिक जनसंख्या बृद्धि दर ०.७२ रहेको छ । यस जिल्लाको २०३८ देखि २०७८ सम्मको जनसंख्यालाई तालिका ३ मा देखाइएको छ ।

तालिका ३, जनसंख्याको विवरणः

| **जनगणना (बर्ष)** | **जनसंख्या** | | | | | **बृद्धि प्रतिशत** | **घरधुरी संख्या** | **परिवारको औषत आकार** |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | | | |
| २०३८ | ५९९०४४ | २९०३१३ | ४८.४६ | ९५१६५ | ५१.५४ | ३.८५ | | ७.५ |
| २०४८ | २९०३१३ | १७४४५४ | ५०.७९ | १४२३८६ | ५०.७९ | ३.७ | ४१२९८ | ७.० |
| २०५८ | ३८२६४९ | १९२६५५ | ५०.३५ | १८९९९४ | ५०.३५ | २.७९ | ५९५६९ | ६.४२ |
| २०६८ | ४२६५७६ | २०५०८० | ४८.०७ | २२१४९६ | ५१.९३ | १.०९ | ८३१४७ | ५.१३ |
| २०७८ | ४५९९०० | २१६७६६ | ४७.१ | २४३१३४ | ५२.९ | ०.७२ | १०६३२६ | ४.३३ |

तालिका ४, स्थानीय तह अनुसारको जनसंख्याः

| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| बढैयाताल गा.पा. | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४.०८ | ८५.७६ | ०.९४ | ४५९ |
| बाँसगढी न.पा. | १५०९१ | ६३२५२ | २९३०७ | ३३९४५ | ४.१९ | ८६.३४ | १.१९ | ३०७ |
| बारबर्दिया न.पा. | १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ | ०.६२ | ३२१ |
| गेरुवा गा.पा. | ७७६२ | ३३५१४ | १५३६३ | १८१५१ | ४.३२ | ८४.६४ | -०.३८ | ४२७ |

| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| गुलरीया न.पा. | १६००२ | ७४५०५ | ३६७२७ | ३७७७८ | ४.६६ | ९७.२२ | १.०७ | ६३० |
| मधुवन न.पा. | १२४४४ | ५०७३९ | २३३१० | २७४२९ | ४.०८ | ८४.९८ | ०.८५ | ३९१ |
| राजापुर न.पा. | १३६५९ | ६०८३१ | २८६०७ | ३२२२४ | ४.४५ | ८८.७८ | ०.२० | ४७९ |
| ठाकुरबाबा न.पा. | ११४६९ | ४९४२० | २२८७० | २६५५० | ४.३१ | ८६.१४ | १.०५ | ४७३ |
| संस्थागत | ४१ | २२८८ | २०७२ | २१६ | - | - | - | - |
| जम्मा | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | ०.७२ | २२७ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

## १.२ विपद् जोखिम र संकटासन्नता

बर्दिया जिल्ला बहु प्रकोपीय दृष्टिकोणले उच्च जोखिममा रहेको जिल्ला मध्य एक हो । यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनमा कमी, अव्यवस्थित भू-उपयोग, भवन आचारसंहित अनुरुप संरचना तथा निर्माणमा कमी एवम् खडेरी, आगलागी, जंगली जनावरको आक्रमण एवं जलउत्पन्न प्रकोपहरुबाट सिर्जना भईरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ । बर्दिया जिल्लामा रहेका प्रमुख प्रकोपहरुको रुपमा बाढी/डुबान, जंगली जनावरको आतंक, आगलागी, सडक दुर्घटना, हावाहुरी, शितलहर, खडेरी, असिना, किटजन्य आतंक, शर्पदंश, लु जस्ता प्रकोपहरुको रहेको छन् । यस बाहेक बर्दिया जिल्लामा रहेका पुराना सरकारी तथा नीजि संरचनाहरु, विद्यालय भवनहरु भवन निर्माण आचारसंहिताको बिना तथा प्रायः कुनैपनि प्राविधिक परामर्श बिना नै निर्माण गरिएकाले समेत बर्दिया जिल्ला संकटासन्नतामा पर्दछ।

संकटासन्नताको कारणहरू

- **जलवायु परिवर्तनः** बर्दियामा जलवायु परिवर्तनका कारण वर्षा अनियमित हुने, बाढी र सुख्खा जस्ता संकटहरू बढ्ने सम्भावना छ।
- **नदी किनारको अव्यवस्थित बसोबासः** नदी किनारमा अनधिकृत बस्तीहरू विस्तार हुँदा बाढीले बढी क्षति पुर्याउँछ।
- **जंगल कटानः** जंगल कटानले जमिनको सम्हाल कमजोर हुने र भू-क्षरण तथा भूस्खलन बढ्ने खतरा रहन्छ।
- **सडक तथा पूर्वाधारको कमजोर स्थितिः** विपदको समयमा सडक तथा अन्य पूर्वाधार नष्ट हुनाले उद्धार कार्यमा समस्या आउँछ।

## खण्ड दुई
## २.विपद् जोखिम तथा प्रभाव आंकलन

### २. परिचय

### २.१.पृष्ठभूमीः

नेपाल बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टी, शितलहर तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । यस्ता प्रकोपबाट हुने जोखिमलाई न्युनिकरण गर्न र प्रकोप सृजित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालीन अवस्थामा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न सरोकारवाला निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै विपद्का घटनाबाट हुन सक्ने जीउधनको जोखिम न्यूनीकरण गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्दत पुर्‍याउँदछ । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार गरेको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" पहिलो संशोधन २०७६ को आधारमा जिल्लास्थित सरोकारवालाहरु तथा विषयगत क्षेत्रको नेतृत्व गर्ने सदस्यसंगको छलफल र अन्तक्रिया गरी विपद्को जोखीम न्यूनीकरण र सामना गर्ने  क्षमताको विकास गर्न जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ साल देखि नै तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । सोही योजनालाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिकरण गर्ने क्रममा "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" ले निर्धारण गरेका विधि तथा प्रक्रिया पूरा गरी "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२" तर्जुमा गरीएको छ ।

मुख्यतया सुख्खायाममा आगलागीको उच्च जोखिम हुनुका साथै मनसूनको दौरानमा बाढी डुबान, आकस्मिक बाढी, जमिन कटान, चट्याङ, सर्पदंश, झाडापखाला, टाईफाईड जस्ता विपदहरुबाट स्थानीय जनसमुदायहरु आक्रान्त बन्ने गरेका छन् । मानवीय क्षतिका साथसाथै व्यक्तिगत घरटहरा लगायत पुल, पुलेसा, सडक, खानेपानीका संरचना, विद्यालय भवन, विद्युतका संरचना, सरकारी भवन लगायत अन्य भौतिक संरचनाको क्षति हुने गरेको छ । २०७१ सालमा आएको बाढीबाट बर्दिया जिल्ला पुर्ण प्रभावित भई १ लाख ६५ हजार जनसंख्या प्रभावित भएकमो २० जनाले ज्यान गुनाउनुका साथै १३ जना वेपत्ता भएको थियो भने भौतिक तर्फ ३ अरब ७६ करोड ६९ लाख ८३ हजार ७ सय ४ रुपैया ३२ पैसा क्षति भएको जिल्ला प्रशासन कार्यालय बर्दियाको अभिलेखमा रहेको छ । तसर्थ विपद्ले मानवीय तथा भौतिक क्षति मात्रै नपुर्याई समग्र जिल्लाकै विकासको क्रमलाई नै असर पार्ने हुँदा यस प्रति सजक र सतर्क रहि प्रभावकारी प्रतिकार्यको निमित्त सम्बन्धित निकायहरुले समयमानै पूर्वतयारी गर्नु अत्यन्त जरुरी रहेको छ । यस्ता ठूला विपद्हरु

आइलागेको अवस्थामा समेत तत्काल प्रतिकार्य योजना तर्जुमा गरी विपद्को सामना गर्न यस योजनाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।




## २.२ विपद् पूर्वतयारी

नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ ।

विपद्को प्रभावलाई न्यूनीकरण तथा रोकथामको लागि विगतदेखिनै जिल्ला विपद् व्यवस्थापन समितिले विभिन्न प्रयासहरु गर्दै आएको छ । यसै क्रममा जिल्लामा रहेका स्थानीय तह, संघीय तथा प्रादेशिक कार्यालयहरु, गैरसरकारी संस्थाहरु, विकास साझेदार एवम् निजी क्षेत्र र समुदायको सहकार्य तथा सहयोग हुदै आएको छ ।
जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन भई लागु गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ ले यस बर्ष विपझा हुनसक्ने बाढी, डुबान, आगलागि, हावाहुरी, चटयाङ, सर्पदंश, शीतलहर, लगायतले पुर्याउने प्रभाव र त्यसबाट उत्पन्न हुने विपद् तथा सम्भावित क्षतिको आकलन र विश्लेषण गरेको छ । विपद् पूर्वतयारी कार्यले विपद् भन्दा अघि गरिने कार्यलाई प्राथमिकतामा राखेको हुन्छ भने आपत्कालीन

कार्ययोजनाले विपद्को समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई महत्व दिएको हुन्छ । साथै, उक्त विश्लेषण र आकलनमा आधारित रही जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सहयोगी निकायहरुको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, क्षमता तथा विभिन्न निकायबाट प्राप्त हुने प्रतिकार्य सामग्री, जनशक्ति र तिनको क्षमताको विवरण जस्ता आधारभूत विषयबस्तु समेत यस योजनाले समेटेको छ । त्यसैगरी यस योजनाको अधिनमा रही विपद्को प्रकृति समय अनुसार आगलागी, शीतलहर, वन डढेलो, मनसून जस्ता विषयगत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ । तसर्थ विपद्को प्रयाप्त पूर्वतयारी तथा विपद्को प्रतिकार्यलाई प्रभावकारी बनाई धनजनको क्षतिको रोकथाम तथा न्यूनीकरण गर्न जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुले यस कार्ययोजनालाई आत्मसाथ गर्दै योजनाको मर्म र निर्देशन अनुरुप कार्यसम्पादन गर्नुपर्नेछ।

## विपद्बाट हुने क्षतिको पूर्वानुमान(वि.सं. २०८२/सन् २०२५-२६)

विगतको विपद्को प्रभाव र त्यसले गरेको असरको आधारमा क्रमश यस वर्ष २०८२/०८३ (सन् २०२५/०२६) को लागि बाढी तथा डुबान लगायत आगलागी, भूकम्प, शितलहर, हावाहुरी, चट्याङ, समेतलाई ध्यानमा राखी २०००० घरधुरी र १,००,००० जनसंख्या प्रभावित हुनसक्ने तथा ५००० घरधुरी पूर्णरूपमा क्षति हुनसक्ने विषयलाई मध्यनजर राखी निम्नानुसारको अवस्था आउन सक्ने खेस्रा प्रक्षेपण गरिएको छ।

- प्रभावित हुनसक्ने घरपरिवार संख्या: २०००० (आंशिक: २०००० र पूर्ण ५००० घरपरिवार)
- घाइतेहरूको संख्या : १००, मृत्यू हुनेहरूको संख्या : १५
- अस्थायी बिस्थापित हुनसक्ने परिवार : ५०००
- स्थायी रूपमा विस्थापित हुनसक्ने परिवार : १००
- पिउने पानीका स्रोतहरू प्रदुषित हुनेछन्, सरूवा रोगहरू फैलिन सक्छ, यातायात, विद्युत आपूर्ति, संचार सेवा अवरूद्ध हुनसक्छ।
- ४०० मेट्रिक टन खाद्यान्न (घरभित्रको) क्षति
- ५०० मेट्रिक टन अन्नवाली (खडावाली) मा क्षति,
- २०० हेक्टर खेती योग्य जमिनमा क्षति र
- १ हेक्टर घाँसबाली क्षति हुनसक्ने पूर्वानुमान गरी यो योजना तयार गरिएको छ।

२.३ कार्ययोजनाको उद्देश्यः

यस कार्ययोजनाको उद्देश्य निम्न अनुसार रहेको छ ।

- वि.सं. २०८२ सालको जिल्ला विपद्को पूर्वानुमानका आधारमा विपद्को जोखिम आकलन गर्ने ।
- विगतका विपद्का घटना र प्रभावका तथ्यांक तथा जोखम संकटासन्नताको अवस्थाहरुको विश्लेषण गरि विपद्को सम्भावित जोखिम पूर्वानुमान गर्ने ।
- विपद् व्यवस्थापनसँग सम्बन्धित सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायको विपद् पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकरण गर्ने ।

- विपद्‌को समयमा स्थानीय तह, स्थानीय विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समति र स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका लागि अघि बढाउने ।
- उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै साधन स्रोतको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सघंसंस्थासँग प्रभावकारी समन्वयको सुनिश्चितता गर्ने ।
- प्रकोपका कुनै पनि घटनाबाट हुन सक्ने विपद् र त्यसवाट सृजित मानवीय तथा भौतिक असरहरुलाई न्यूनीकरण गर्ने ।
- विपद् प्रतिकार्यका सन्दर्भमा न्युनतम रुपमा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको अधिकतम परिचालन गर्ने ।
- विपद्‌को अवस्थामा यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुरुप जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा दोहोरोपना हुन नदिई एकद्धार प्रणाली अवलम्बन गरी प्रतिकार्य गर्ने ।
- विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभिका लागि विभिन्न सरकारी, गैरसरकारी निकाय, राष्ट्रिय अन्तराष्ट्रिय गै.स.स.हरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने (Coping Capacity) को पहिचान गर्ने र अन्तराल परिपूर्तिका लागि समन्वय र सहकार्य गरी प्रभावकारी कार्यसम्पादन गर्ने ।

२.४ कार्ययोजना निर्माण प्रक्रिया

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिकको लागि मिति २०८२।०२।२८ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम कार्य शुरु भएको।
योजना निर्माणको क्रममा नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति कार्ययोजना २०१८-२०३०, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७०, लगायत विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित कानून, नीति तथा योजनालाई आधार मानिएको छ । स्थानीय तहहरु, विषयगत कार्यालयबाट प्राप्त जोखिम नक्सांकन सहितको विवरण एवम् यस क्षेत्रसँग सम्बन्धित कार्यालय र संघसंस्थाहरुसँगको छलफल एवम् अन्तरसम्बाद गरी प्राप्त पृष्ठपोषण संकलन, विपद् जोखिम, संकटासन्नताको अवस्थाका लागि स्थानीय तहका पदाधिकारीसँग छलफल गरिनुका साथै मुख्य मुख्य जोखिमयुक्त स्थानहरुको निरीक्षण, अवलोकन, विभिन्न ९ वटा विषयगत क्षेत्रका संयोजक (Cluster Lead) मध्ये उपलब्य निकाय तथा सदस्यहरुसँग छलफल गरी आ-आफ्नो क्षेत्रको क्षमता पहिचान, जिल्लामा कार्यान्वयनमा रहेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम कार्ययोजना निर्माण गरिएको छ ।

**तलिका नं. ५, योजना अद्यावधिकका बिभिन्न चरणहरू र प्राप्त उपलब्धीहरू**

| क्र.सं. | चरण वा प्रकृया | सम्पादित कार्यहरू र उपेक्षित उपलब्धिहरू |
|---|---|---|
| १ | मानवीय सहायतामा संलग्न निकायहरूको पहिचान र सरोकारवालाहरू बिच छलफल | मानवीय सहायतामा संलग्न रहि कार्यरत निकायहरूको पहिचान, समन्वय तथा पद्धती स्थापना, सरोकारवालाहरूबीच योजनाको उद्धेश्य, विधि र कार्य योजनाबारे नियमित छलफल तथा परिमार्जन । |
| २ | सन्दर्भ सामाग्रीहरूको पुनरावलोकन | प्रभावकारी विपद् प्रतिकार्य योजनाकालागि जिल्लाको विपद् सम्वन्धी योजनाहरूको मूल्याङ्कन तथा विगतको अवस्थाको विश्लेषण । |
| ३ | बैठकहरू | बिभिन्न क्षेत्रका सम्बन्धित संस्थाहरूको सूची तय, यसमा संलग्न निकायहरूको भूमिका पहिचान, निकायहरूको सम्पर्क सूची तयार, अद्यावधिक, हरेक निकायमा सम्पर्क व्यक्तिकको किटानी ।<br>प्रकोप तथा जोखिम नक्सा अद्यावधिक, साधनश्रोतको आँकलन र तोकिएका विपद्को क्षेत्रमा छुट्टाछुट्टै योजना तर्जुमा । |
| ४ | विषयगत निकायहरूको बैठक | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा तोके बमोजिमका विषयगत निकायहरू, जिल्ला अगुवा सहयोगी निकायहरूसंग छलफल, तोके बमोजिम सबै विषयगत निकायहरूद्धारा प्रतिकार्य योजना अद्यावधिक । |
| ५ | कार्यशालाको आयोजना | योजनालाई अन्तिम रूप दिन जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा विभिन्न विषयगत क्षेत्र,सुरक्षा निकाय लगायतको सहभागीतामा  बिभिन्न छलफल तथा सहमति, मूल्यांकनका साझा विधि तथा मापदण्डमा सहमति मार्फत योजनालाई अन्तिम रूप दिईने । |
| ६ | अनुमोदन | बिभिन्न बैठक तथा कार्यशालाहरूमा भएका बृहत छलफल, प्राप्त सल्लाह सूझावलाई संयोजन गरी अन्तिम प्रारूपलाई जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन गरिएको । |
| ७ | अद्यावधिक | बर्दिया मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक तथा निर्माण भै कार्यान्वयनमा रहेको । |

२.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्न तीन चरणका कार्यहरू समेटिनेछन् :

(क) सामान्य पूर्वतयारी

सामान्य पूर्वतयारी सम्बन्धित कामहरूमा विपद् घटना अगावै गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्ने जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, शीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश हुनेछन् । यी सबै क्षमता र तयारी आवधिकरुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो।

(ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गरिनेछन्। सही पूर्वानुमान र उपलव्ध अग्रिम समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गरिनेछन् । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तुरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका हुन सक्नेछन्।

(ग) आपत्कालीन प्रतिकार्य

यो चरणका कामहरुमा विपर्जन्य प्रकोप आएको वा आसन्न खतराको अवस्थामा तत्कालको आवश्यवता अनुसार गर्ने कार्यहरु समावेश गरिनेछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्ते चाल्नुपर्ने उद्धार, उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा मार्ने जस्ता राहत गतिविधिहरू समावेश हुनेछन् । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुनलाभका कार्यहरु यस चरणमा पर्दछन् ।




विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति कार्ययोजना २०७५ ले निम्न बमोजिमका ११ वटा विषयगत क्षेत्रहरुको परिकल्पना गरेकोमा बर्दिया जिल्लाको साविककै ९ वटा विषयगत क्षेत्रलाई निरन्तरता दिईएको छ । विषयगत क्षेत्रमा नेतृत्व प्रदान गर्ने जिल्लास्थित सम्बन्धित निकायहरुसँग समन्वय गरी मानवीय गतिविधि संचालन गर्नका लागि निम्न लिखित विषयगत क्षेत्रहरु गठन गरिएको छ । साथै सो क्षेत्रसँग सम्बन्धित सहयोगी निकायहरुको विवरण तपसिल बमोजिम उल्लेख गरिएको छ ।

२.६ योजनाको सिमितताः

- संकटासन्नताको अवस्थालाई वैज्ञानिक सर्वेक्षणका आधारमा नभई विपद्को प्रवृत्ति (Trend)। पालिकास्तरमा स्थानीय जनप्रतिनिधिहरू तथा विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत गै.स.स.हरूसँगको छलफल अन्तरक्रियाका साथै विगतका योजना, तथ्याङकहरूका आधारमा अवस्था पहिचान गरिएको ।
- सबै स्थानीय तहबाट यस बर्षको लागि स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको कार्य जारी रहेकाले स्थानीयस्तरको सबै योजना जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा समेटिन नसकिएको ।
- जोखिम तथा प्रकोपहरूको स्तरीकरण, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन योजना, यस अघिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, मनसून पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाहरूको अध्ययन एवम् विभिन्न सरोकारवालाहरूसँगको छलफल तथा प्रतिवेदनलाई आधार मानी तर्जुमा गरिएका कार्यहरुलाई सम्पन्न गर्न ।
- योजना मुताविक कार्यक्रमहरू सञ्चालन गर्न पर्याप्त आर्थिक तथा मानवीय स्रोतको कमी भएमा योजनाको प्रभावकारी कार्यान्वयनमा प्रभाव पर्न सक्नेछ ।
- Cluster lead हरू अन्य जिल्लामा हुनु, Co-lead को उपस्थिति नहुनु, स्थानीय तहमा यसको अभ्यास शुरुवात नहुनु, जिल्ला विपद व्यवस्थापन समितिसँग विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्ने रकमको अभावले यथेष्ट अध्ययन हुन सकेको छैन्।

२.७ विपद् व्यवस्थापनका लागि अवलम्बन गरिने रणनीतिः

क. एकद्धार नीति (One Door Policy):

जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्धार नीति अनुरूप समग्र समन्वय र व्यवस्थापनको काम हुनेछ। प्रमुख जिल्ला अधिकारी वा जिल्ला विपद् व्यवस्थापन समितिले कुनै सरकारी निकायलाई समन्वयका लागि जिम्मेवारी दिन सकिनेछ ।

ख. विषयगत समुह (विषयगत समूह):

विभिन्न कारणबाट हुन सक्ने विपद् व्यवस्थापनका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागितामा विभिन्न ९ (नौ) वटा विशिष्टिकृत विषयगत क्षेत्र तोकिने छ। ती विषयगत क्षेत्रहरूसँगको समन्वयमा विपद् व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछ ।

ग. मानव श्रोत बैंक (Human Resource Bank):

विपद व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सबै सरकारी, गैरसरकारी संघसंस्था तथा नीजि क्षेत्रहरूले विपद् पूर्व (Pre Disaster), विपतको समय (During Disaster), तथा विपद् पश्चात (Post Disaster), को समयमा

कार्य गर्न सक्ने जनशक्ति तयार गरी जुनसुकै समयमा परिचालन हुनसक्ने गरी व्यवस्था मिलाउने। जनशक्ति तयार गर्दा जिल्ला विपद व्यवस्थापन समितिसँगको समन्वयमा सकेसम्म विपद् व्यवस्थापनका मनोसामाजिक परामर्श, स्वास्थ्य परीक्षण सेवा, ORT, QRT, STF, ERT, DDRT, Fire Fighting, स्वयमसेवक लगायत क्षमता विकास गर्नुपर्नेछ।

घ. विपद् व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी (Major Responsibility):

जुन स्थानीय तह अन्तरगतको क्षेत्रमा विपद्धन्य घटना घटेको छ, सोही स्थानीय तह विपद् व्यवस्थापन गर्न मुख्य जिम्मेवार हुनुका साथै अन्य स्थानीय तहहरूले सहयोगीको भूमिका निर्वाह गर्नेछन्। विपद् व्यवस्थापनका लागि स्थानीय तहहरू तथा संघीय र प्रदेश सरकारका विभिन्न निकायहरूवीच समन्वय गर्ने जिम्मेवारी जिल्ला विपद् व्यवस्थापन समिति एवम् जिल्ला समन्वय समितिको हुनेछ।

ङ. जिल्ला र प्रमुख सहयोग एजेन्सीः

विपद् व्यवस्थापन कार्यमा प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी स्रोत व्यवस्थापन, विपद् व्यवस्थापन सामग्री व्यवस्थापन, विपद् जन्य घटना र त्यसको व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कहरूको नियमित अद्यावधिक गर्ने विषयगत क्लष्टरहरूसँग समेत समन्वय सहकार्य गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

च. अन्य

जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले सबै क्लस्टरहरूसँग आवश्यक समन्वय, सहयोग, समझदारी, सहकार्य, निर्देशन र नियन्त्रण कायम गर्नेछ। विपद् व्यवस्थापनमा जिल्ला विपत व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सहकार्य हुनेछ साथै विपद् व्यवस्थापनमा सबै सरकारी गैरसरकारी, निजी क्षेत्रले सहयोग गर्नु कर्तव्य हुनेछ ।

## २.८ विपद् व्यवस्थापन सम्बन्धी संबैधानिक कानूनी तथा नीतिगत व्यवस्थाहरू

### २.८.१ नेपालको संविधानः

प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार राहात एवम् पुनर्स्थापना गर्ने कार्यलाई प्राकृतिक साधन स्रोतको संरक्षण संवद्धन र उपयोग सम्बन्धी नीति मा समावेश गर्नुका साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी उद्धार तथा राहात र पुनर्लाभ संघ र प्रदेशको साझा अधिकारको रूपमा परिभाषित गरीनुका साथै विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तथा स्थानीय तहको अधिकार सुचीमा समेत समावेश गरी विपद् व्यवस्थापन कार्यलाई संवैधानिक रूपमा नै सुनिश्चित गरेको छ।

२.८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४:

यस ऐन अनुसार स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी देहाय बमोजिमको विभिन्न जिम्मेवारी निर्धारण गरेको छ

क. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून मापदण्ड योजनाको कार्यान्वयन अनुगमन र नियमन गर्ने,

ख. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पूर्व सूचना प्रणाली खोज तथा उद्धार राहत सामग्रीको पूर्व भण्डारण वितरण र समन्वय गर्ने,

ग. स्थानीय तटबन्ध नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने,

घ. विपद् जोखिम क्षेत्रको नक्साङ्कनतथा वस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने,

ङ. विपद् व्यवस्थापनमा संघ, प्रदेश, स्थानीय समुदाय संघ संस्था तथा नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गर्ने,

च. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने,

छ. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा कार्यान्वयन अनुगमन र मुख्याङ्कन गर्ने,

ज. विपद् पश्चात स्थानीय स्तरको पुनर्स्थापना र पूर्ननिर्माण,

झ. स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने,

ञ. स्थानीय आपतकालीन कार्य सञ्चालन,

ट. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन लगायत विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

२.८.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली, २०७६:

जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् व्यवस्थापनका सम्बन्धमा तयारी, प्रतिकार्य तथा पुनर्लाभका विभिन्न जिम्मेवारी तोकिएको छ। नियमावलीले ऐनका प्रावधानहरूलाई प्रष्ट पार्नुका साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रतिवेदन गर्नुपर्ने प्रावधान राखेको छ।

२.८.४ १६औं आवधिक योजना (२०८१/८२-२०८५/८६):

क. विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी. ल्याउन विभिन्न निकायहरूबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकिकृत रूपमा सञ्चालन गर्ने।

ख. एकीकृत सूचना केन्द्र स्थापना गराउने।

ग. आपतकालीन कार्य सञ्चालन केन्द्रहरूमा अत्याधुनिक यन्त्र उपकरणहरूको उपयोग बढाउने ।

घ. संघसंस्थाहरुको समन्वय र सहकार्यमा विपद् जोखिम न्यूनीकरण र अल्पिकरणका कार्यक्रमहरु संचालन गर्ने ।

ङ. बस्ती, समुदायस्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि गाउँपालिका र वडाहरूमा विपद् सम्बन्धी जनचेतना मुलक गतिबिधिहरू सञ्चालन गर्ने/गराउने ।

च. जलवायू परिवर्तनका नकारात्मक असरहरू न्यूनीकरण गराउन बिशेष कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने ।

२.८.५ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४

क. पुनर्स्थापना र पुनर्निर्माणमा अझै राम्रो र अझै बलियो बनाऔ (Build Back Better) भन्ने अवधारणा अबलम्बन गर्ने,

ख. संघ, प्रदेश, स्थानीय र समुदाय स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने,

ग. संघदेखि स्थानीय तहसम्म उद्धार टोली स्थापना गर्ने,

घ. विकास सँग सम्बन्धित प्रत्येक सार्वजनिक संस्थाहरूले कम्तिमा पाँच प्रतिशत वार्षिक बजेट स्थानीय विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउनु पर्ने,

ङ. बैंक तथा वितीय संस्थाहरूबाट विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गर्ने,

च. विपद्का कारण पर्न सक्ने क्षतिलाई सम्बोधन गर्न जीवन र गैर जीवन वीमामा योजनाहरू प्रवर्द्धन गर्ने,

छ. स्थानीय तह समुदाय सामुदायिक संस्था विद्यालय तथा अस्पतालहरूमा समावेशी विपद् जोखिम व्यवस्थापन समितिहरू गठन गर्ने,

ज. असुरक्षित स्थानहरूमा बस्ती विस्तार नियन्त्रण गर्ने तथा असुरक्षित वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि प्रोत्साहन गर्ने लगायतका नीतिहरू समावेश गरेको।

२.८.६ राष्ट्रिय विपद् प्रतिकार्यको कार्य ढाँचा, २०७०

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता तथा समन्वयको ढाँचा उल्लेख गर्नुका साथै विपद् प्रतिकार्यका लागि तोकिएका जिम्मेवार नेतृत्वदायी निकायहरूले तोकिएको समायवधि भित्र सञ्चालन गर्नुपर्ने गतिविधिहरू समेत उल्लेख गरेको छ।

२.८.७ दीगो विकास लक्ष्यहरू (सन् २०१५-२०३०)

सुरक्षित पूर्वाधार निर्माण गर्ने, जलबायु परिवर्तन र यसका प्रभावको न्यूनीकरण गर्ने, समावेशी सुरक्षित दीगो शहरीकरण र बस्ती विकास गर्ने जस्ता लक्ष्यहरू समावेश गरेको छ ।

२.८.८ विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुर्नस्र्थापना कार्यविधिहरू (आगलागी र मनसुनजन्य विपद), विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९, स्वयंसेवक व्युरो गठन तथा परिचालन

कार्यविधि, २०७८, विपद् लेखाजोखा मागदर्शन २०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA)] खण्ड, सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७, विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड (सातौं संशोधन), २०७७ ।

२.८.९ लुम्बिनी प्रदेश सरकारबाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरू

२.८.१० स्थानीय तहबाट जारी भएको विपद् सम्बन्धी ऐन, नियम, कार्यविधि, मापदण्डहरूः

तालिका नं. ६, बिषयगत क्षेत्रहरु, अगुवा संस्था र सदस्यहरुः

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, स्थानीय तह, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम, स्थानीय एफ.एम., पत्रपत्रिका, नेपाल पत्रकार महासंघ, राष्ट्रिय अनुसन्धान, जल तथा मौसम विज्ञान कार्यालय, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ३) गैर खाद्य सामग्री र शिविर ब्यवस्थापन | संघीय आयोजना कार्यान्वयन इकाइ, शहरी विकास तथा भवन कार्यालय, नेपाल रेडक्रस सोसाइटी | स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, | सामुदायिक वन उपभोक्ता महासघ, उद्योग व्यापार संघ,<br>गैसस महासंघ, निर्माण व्यवसायी, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ४) खाद्य तथा गोदाम ब्यवस्थापन | एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | स्थानीय तह, नेपाल प्रहरी, जिल्ला समन्वय समिति | नेपाल खाद्य संस्थान, गैसस महासंघ, उद्योग वाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, नेपाल रेडक्रस, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई कार्यालय | जिल्ला समन्वय समिति, स्थानीय तह | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जि.स.स., स्थानीय तह, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, बर्दिया | जिल्ला अस्पताल, जिल्ला समन्वय समिति, स्थानीय तह, आयुर्बेद अस्पताल, नेपाल रेडक्रस सोसाईटी | स्वास्थ्य सेवा प्रदायक निकायहरु, उद्योगा वाणिज्य संघ, औषधि व्यवसायी संघ, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ८) आपत्कालिन शिक्षा | शिक्षा बिकास तथा समन्वय इकाई | जिल्ला समन्वय समिति, स्थानीय तह, | विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | संघीय आयोजना कार्यान्वयन | जिल्ला समन्वय समिति, स्थानीय | सामुदायिक वन उपभोक्ता समिति, |

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| | इकाइ, शहरी विकास तथा भवन कार्यालय, नेपाल रेडक्रस सोसाइटी | तह, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाइ कार्यालय, विभिन्न आयोजना, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम | नेपाल रेडक्रस सोसाइटी, विभिन्न साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु |

## तालिका नं. ७, कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र सम्बन्धित गा.पा., न.पा | घरधुरी सर्वेक्षण, जि.स.स., स्थानीय तहको पार्श्वचित्र, | नियमित |
| २ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, DEOC आदि | बैठक | आवश्यकता अनुसार |
| ३ | विपद् व्यवस्थापन कार्यसंग सम्बन्धित कृत्रिम घटना अभ्यास गर्ने। | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, जि.वि.व्य.स. | तालिम तथा कृत्रिम घटना अभ्यास | नियमित |
| ४ | उद्धार सामग्रीहरूको संकलन । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | समन्वय | नियमित |
| ५ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम् सेवकहरुको सम्पर्क सुची तयार गर्ने | जिल्ला प्रशासन कार्यालय, रेडक्रस, स्थानीय तह आदि । | फोन, इमेल, संकलन गरी राख्ने | निरन्तर |
| ६ | समुदायस्तरमा रहेका उद्धार टिमलाई अभिमुखिकरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, रेडक्रस, सुरक्षा निकाय आदि । | अभिमुखिकरण | आवश्यकता अनुसार |
| ८ | खोज तथा उद्धार टोलीलाई पौडी सम्वन्धि व्यवहारिक अभ्यास | DDMC, सुरक्षा निकाय । | तालिम दिने | आवश्यकता अनुसार एवम् |

| क.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (वैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| ९ | मौजुदा सामाग्रीहरुको जांच/परिक्षण गर्ने । | DDMC, DEOC,सुरक्षा निकाय र स्थानीय समुदाय । | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | निरन्तर |
| १० | आवश्यकता अनुसारको सामाग्रीहरुको पुग/नपुग आँकलन गर्ने । | DEOC, सुरक्षा निकाय, खोज तथा उद्धार विषयगत क्षेत्र । | संकलन, ढुवानी र आवश्यकता पहिचान गर्ने । | |

२.९ कार्ययोजना कार्यान्वयन

२.९.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र नियमावली २०७६ बमोजिम केन्द्रदेखि स्थानीय तहसम्म विपद् व्यवस्थापनका लागि संरचना तयार भएको छ । जिल्लास्तरदेखि स्थानीय तहसम्म विषयगत क्षेत्रहरु सक्रिय रहेका र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी तयारी अवस्थामा रहेका छन् ।

२.९.२ राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७० बमोजिम सम्पूर्ण सम्बन्धित निकाय सम्मिलित विपद् प्रतिकार्य संयन्त्र र प्रक्रिया तयारी अवस्थामा रहेको छ । विशेषत तीनवटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) बाट खोज तथा उद्धार टोली आवश्यकता अनुसार सबैलाई परिचालित गर्न सकिने भएता पनि तत्काल खटिने जनशक्ति १४० जना रहेका छन् । तीनै सुरक्षा निकायले आ—आफ्नो प्रतिकार्य योजना समेत अद्यावधिक गरि तयारी अवस्थामा रहेका छन् ।

२.९.३ बाढी, आगलागी, चट्याङ, शीतलहर, हावाहुरी, करेन्ट आदिबाट हुनसक्ने अवरोधलाई तत्काल हटाई विपद्लाई व्यवस्थापन गरि नियमित सुचारु गर्न सुरक्षा निकाय, स्थानीय तह, विषयगत कार्यालय÷आयोजना तथा निजी क्षेत्र मातहतका हेभी इक्युपमेन्टहरु आवश्यक श्रोत साधन सहित जिल्लाका विभिन्न स्थानमा तयारी अवस्थामा रहनेछन् ।

२.९.४ जिल्लाका स्थानीय तहहरुका विभिन्न स्थानहरुमा ५ वटा जिपिएस सहितको हेलीप्याड र ३० वटा हेलिकप्टर बस्न सक्ने तथा सम्भावित स्थानहरु रहेका तथा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, सुरक्षा युनिट र नेपाल रेडक्रस सोसाईटीमा आवश्यक खोज तथा उद्धारका र राहत सामग्री आवश्यकता अनुसार व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ ।

२.९.५ विपद् प्रतिकार्यलाई प्रभावकारी, छिटोछरितो र समन्वयात्मक ढंगबाट कार्य गर्न जिल्ला विपद् व्यवस्थापन समिति लगायत स्थानीय तहमा स्थापना भएका स्थानीय आपतकालिन कार्य संचालन केन्द्र, जिल्लामा जिल्ला विपद् व्यवस्थापन डेस्क र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन डेस्क स्थापना भएका केन्द्रहरुलाई तयारी अवस्थामा राखिएको छ ।

२.९.६ आ.व. २०८१/८२ मा करिब २० हजार घरधुरीका १ लाख जनसंख्या विभिन्न विपद्को प्रभावमा पर्नसक्ने आंकलन गरिएको छ । साथै ती मध्ये ४५ हजार ७ सय ६१ जनसंख्या अझ बढी प्रभावित हुनसक्ने हुँदा तत्कालको लागि उक्त संख्यालाई आवश्यक पर्ने खाद्यान्न लगायत मानवीय सहायता आवश्यकता पर्ने देखिएको छ । तसर्थ सोही बमोजिम स्थानीय तह, जिल्ला रेडक्रस र तीनका सहयोगी निकायको कार्ययोजना तयार गरिएको छ । उल्लेखित अनुमान निम्न आधारमा आधारित रही तयार गरिएको छ ।

- विगतका बर्षहरुमा भएका विपद्का घटनाहरुको ऐतिहासिक विश्लेषणबाट
- मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिएको मौसम पूर्वानुमान तथा पूर्वानुमानको विगतका बर्षहरुमा भएको बर्षाको मात्रा र प्रभावको तुलनात्मक आकलनबाट

- स्थानीय तहबाट प्राप्त गरिएको तथ्यांकबाट
- नेपाल प्रहरी तथा जिल्ला आपतकालिन कार्य संचालन केन्द्रमा प्राप्त भएका विवरणहरुको मूल्यांकनबाट

२.९.७ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन तथा प्रभावकारी समन्वय र सहकार्य गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रतिनिधि, स्थानीय तहका प्रमुख, स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, जिल्लास्थित पूर्वाधार विकास तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरु, राष्ट्रिय मान्यता प्राप्त जिल्लास्थित राजनीतिक दलका प्रमुख वा प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटीका जिल्लास्थित प्रमुख, गै.स.स.महासंघको प्रमुख, नेपाल पत्रकार महासंघको जिल्लास्थित प्रमुख, उद्योग बाणिज्य महासंघको जिल्लास्थित प्रमुख र प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत रहने गरि जिल्ला विपद् व्यवस्थापन समिति रहेको र स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति रहेको छ ।

## २.१० मानबीय प्रतिकार्यमा लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन

संकटको अवस्था आउनु अघि नै समाजमा लैंगिक तथा सामाजिक असमानता विद्यमान हुने गर्छन्। महिला, पुरुष, बालवालिका, अपांगता भएका व्यक्ति तथा वृद्धवृद्धाको हैसियत र भूमिका समाजमा फरक फरक हुने हुनाले, कुनै पनि प्रकोप र मानवीय संकट आइपर्दा, त्यसले उनीहरूलाई फरक फरक तरिकाले प्रभाव पार्छन्। लैंगिक असमानताका कारण संकटको समयमा हुने उच्च जोखिम र प्रभावलाई अपांगता, उमेर, लैंगिकता, धर्म, जाति, र भौगोलिक स्थान लगायतका अन्य अन्तर विषयक कारकहरूले थप जटिल बनाउन सक्छ। विपद्मा यी विद्यमान असमानताहरू थप जटिल भएर उपलब्ध स्रोत र सेवाहरूमा सीमान्तकृत समूहहरूको पहुँचलाई थप सीमित गर्ने सम्भावना हुन्छ तसर्थ समावेशी, प्रभावकारी, कुशल र सशक्तीकरणकारी प्रतिकार्यहरू सुनिधित गर्ने विपद्को आपत्कालीन प्रतिकार्य योजनामा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई एकीकृत गर्न आवश्यक हुन्छ।

कार्यक्रमको तर्जुमा, कार्यान्वयन र विश्लेषण गर्ने क्रममा लिंग, उमेर र अपांगताको खण्डीकृत तथ्याङ्क संकलन गर्नु लैंगिक तथा सामाजिक समावेशीकरणको पूर्व सर्त हो । पूर्वतयारी र प्रतिकार्य सम्बन्धी जानकारीमा पहुँच बढाउनको लागि, लक्षित समुदायका लागि उपयुक्त विविध माध्यमहरू प्रयोग गरेर ती जानकारी स्थानीय रूपमा बुझिने भाषाहरूमा उपलब्ध गराउनु महत्त्वपूर्ण हुन्छ । स्तनपान गराउने महिला, शिशु, बालबालिका, वृद्धवृद्धा र दीर्घकालीन रोग लागेका व्यक्तिहरूको आवश्यकतालाई राहत प्याकेजमा सम्बोधन गरीनु पर्छ .

२.११ विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः

**तालिका नं. ८,**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/व्यक्तिहरुद्वारा सम्बन्धित सबै मूख्य निकायहरुमा सूचना लिनेदिने । | सम्पर्क व्यक्तिको नाम,थर र सम्पर्क नं. टाँसगरी जो सुकैले सूचना दिन सक्ने ब्यबस्था मिलाउने र जिल्ला स्तरका सरोकारवालाहरुलाई सम्पर्क नं.हरु उपलब्ध गराउने र तत्काल खोज, उद्धार कार्य शुरु गर्ने । | स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाई अभिमूखीकरण र हातेपर्चा छपाइ निर्माणको लागि श्रोतको कमी । | स्थानीय प्रहरी/सुरक्षा निकाय, स्थानीय तह, अन्य सरोकारवालाहरु, समुदाय, संघसंस्थाहरु । | पूर्व सूचना तथा विपद् पूर्व तयारी वारे पुनर्ताजगी सूचना, विपद्को अवस्था अनुसार १० हजारदेखि १० लाखसम्म |
| १ घण्टा देखि ७ घण्टा भित्र | सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग ।<br>सूचना संकलक, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिती | जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान, आश्रय स्थल र योजनाको जानकारी दिने, लिने र क्रियाशिल हुने । | सबै सवारी साधन नभएको हुँदा समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन र अनुगमनकर्ताहरुलाई आधारभूत खर्च उपलब्ध नहुँदा खटिन कठिन । | स्थानीय तह, सुरक्षा निकाय र अन्य सरोकारवाला । | आवश्यकतानुसार (निर्माण भएको सुरक्षित स्थानहरुमा राख्ने) |
| ७ घण्टा देखि २४ घण्टा भित्र | जोखिममा पर्ने समुहहरु पहिचान गरी आबश्यक सहयोगको लागि सिफारिस गर्ने । | द्रुत सर्बेक्षण फाराम विपद् पूर्व नै तयार गरी राख्ने । सम्भाब्य प्रभावित स्थानहरु स्थानीय स्तरमा पहिचान गरिएका निकायहरुलाई तयारी | बजेट तथा जनशक्तिको कमी।<br>बालबालिका जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको | स्थानीय तह | आवश्यकतानुसार |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | अबस्थामा राख्ने, द्रुत टोली परिचालन हुने । | लागि उपयुक्त आश्रय स्थल/व्यबस्थापन नभएको । | | |
| २४ देखि ४८ घण्टा भित्र | मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने । | समन्वय गरी परिचालन | यातायात तथा सञ्चार खर्चको अभाव । | स्थानीय तह र अन्य सरोकारवालाहरु । | आवश्यकताको आधारमा । |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | हिंसा दुर्व्यबहारबाट संरक्षणको लागि नियमित टोली वा व्यक्ति परिचालन गर्ने । मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने । हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकता अनुसार कानूनी सहायता प्रदान गर्ने । | Roster मा भएकाको परिचालन, बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएकाले आवश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको विवरण संकलन अद्यावधिक गर्ने, आल्पकालिन आश्रम र OCMC बाट सहायता । | मनोपरामर्सकर्ताको व्यवस्था भएको नदेखिएको । | स्थानीय तह, सुरक्षा निकाय, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, सरोकारवाला निकाय, जिल्ला महिला कानूनी सहायता समिति | आवश्यकता अनुसार |
| ७२ घण्टा देखि ७ दिन भित्र | गर्भवती, सुत्केरी, बिरामी/अशक्त जेष्ठ नागरिक,अपांगता भएका ब्यक्तिहरु,अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने ।<br>अपांगता सहायक सामाग्री उपलब्ध गराउने । | प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलो पालो गरी खट्िने स्वमंसेवकहरु र सुरक्षाकर्मीहरुको ब्यबस्था गर्ने सम्भावित संख्यामा प्रभावित हुन सक्ने अपांगता व्यक्तीहरुका लागी सहायक सामाग्रीहरु खरिद गरी राख्ने । | सामाग्री खरिदको लागि रकमको अभाव ।<br>दिनभर खटिने स्वयंसेवकहरुलाई चिया, खाजा सम्मको ब्यबस्था नहुनु । | स्थानीय तह, स्वास्थ्य कार्यालय र स्वयमसेवक राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु | श्रोतको खोजी |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य र परिचालन | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| ७ दिन देखि १५ दिनभित्र | प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता | निरन्तरता | श्रोतको कमि | स्थानीय तह, स्वास्थ्य कार्यालय र राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु | आवश्यकता अनुसार |
| १५ दिन देखि ३० दिन भित्र | बालमैत्री सुरक्षित स्थल निर्माण र उपयोग गर्ने । कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा पठाउने ।<br>अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने<br>नियमित बैठकहरु र समिक्षा गर्ने ।<br>अनुगमन तथा प्रतिबेदन पठाउने। | निरन्तरता, सहयोगी सरोकारवालाको पहिचान र समन्वय गर्ने । सचेतनाको लागि आबश्यक पाठ्यसामाग्री, सहजकर्ता र कार्यक्षेत्र निर्धारण गर्ने । | बिशेष आयमुलक क्रियाकलापहरुमा स्थाई सदस्य बाहेककालाई कार्यक्रम नराखिने र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी । | स्थानीय तह, स्वास्थ्य कार्यालय र राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु | आवश्यकता अनुसार |

# खण्ड तीन

# ३. विपद् जोखिम अवस्थाको विश्लेषण

## ३.विपद् जोखिमको अवस्थाको विश्लेषण

## ३.१ विपद्जन्य जोखिम विश्लेषण

जिल्लाको भौगोलिक तथा जलवायुको अवस्था, हरित ग्यास उत्सर्जनका कारण जलवायुमा भइरहेको सूक्ष्म परिवर्तन, अव्यवस्थित मानव बस्ती विकास, वनजंगलको फडानी, अनियन्त्रित प्राकृतिक स्रोतको दोहन, जथाभावी हुने गरेका संरचनाहरूको निर्माण तथा विपद् प्रतिकार्यमा रहेका कमी कमजोरी लगायतका कारणहरूबाट विपदका घटनाहरू घटदा ठूलो जनधनको क्षति हुने गरेको छ। साथै जलवायु परिवर्तनको असर स्वरूप अकल्पनिय विपद्का घटना समेत देखा पर्न थालेको छ। स्थानीय तहबाट तयार भएका योजना, जिल्ला विपद् व्यवस्थापन समितिमा छलफलबाट प्राप्त तथ्यगत विवरण, नमूना स्थलगत अवलोकन एवम् जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रमा प्राप्त विपद्का घटनाहरुको विवरण एवम् बर्दिया जिल्लाको विपद् जोखिमको अवस्था विश्लेषण गरी संकटासन्नताको अवस्था निम्नानुसार पहिचान गरिएको छ।

संकटासन्नताको अवस्थालाई विश्लेषण गर्दा बर्दिया जिल्लाको विपद् जोखिमलाई निम्नानुसार प्राथमिकता अनुसार प्रस्तुत गर्न सकिन्छ।

१. बाढी डुबान
२. आगलागी, वन डढेलो
३. जंगली जनावरको आक्रमण
४. सर्पदंश
५. सडक दुर्घटना
६. विद्युत (करेन्ट)
७. हावाहुरी
८. शीतलहर
९. महामारी
१०. चट्याङ्
११. भुकम्प

विपद् व्यवस्थापनको क्षेत्रमा भएको प्रगतिलाई मनन् गर्दा विपद् प्रतिकार्यलाई प्रभावकारी तुल्याउन जिल्ला प्रहरी कार्यालय एवम् जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रमा अभिलेखीकरण गरिएका तथ्याङ्कलाई केलाउँदा विगत केही बर्षको घटना तथ्याङ्क तपसिल बमोजिम रहेको देख्न सकिन्छ।

तालिका नं. ९ **विगत १० वर्षको विवरण :**

| क्र.सं. | आ.ब. | प्रभावित घर र जनसंख्या | | | | | मानवीय क्षति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरपरिवार | महिला | पुरुष | बालबालिका | जम्मा | मृत्यु | बेपत्ता | घाइते |
| १ | २०६४/०६५ | ४३१४ | ८६३१ | ८५९१ | ९२४० | १७२२२ | ८ | १६ | ४ |
| २ | २०६५/०६६ | २८५९ | ९०३३ | ७०८४ | १५९३ | १६११७ | - | - | - |
| ३ | २०६६/०६७ | २८७० | ८९१७ | ७६१२ | ६९१ | १६५२९ | २ | - | - |

| क्र.सं. | आ.ब. | प्रभावित घर र जनसंख्या | | | | | मानवीय क्षति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरपरिवार | महिला | पुरुष | बालबालिका | जम्मा | मृत्यु | बेपत्ता | घाइते |
| ४ | २०६७/०६८ | ६ | १३ | १५ | १० | २८ | - | - | - |
| ५ | २०६८/०६९ | १४ | ३९ | ४५ | - | ८४ | - | - | - |
| ६ | २०६९/०७० | - | - | - | - | - | - | - | - |
| ७ | २०७०/०७१ | ५९० | १७६९ | १८१९ | - | ३५८८ | - | - | - |
| ८ | २०७१/०७२ | १७३७६ | - | - | - | ९३१८९ | ३१ | - | २२ |
| ९ | २०७२/०७३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | २०७३/०७४ | १ | ० | १ | १ | १ | १ | ० | ० |
| ११ | २०७४/०७५ | २०९८१ | - | - | - | १११७६४ | - | - | - |
| १२ | २०७५/०७६ | १३५ | - | - | - | ० | ३ | ० | १९ |
| १३ | २०७६/०७७ | ८४ | ० | ० | ० | ० | ५ | ० | २२ |
| १४ | २०७७/०७८ | ११० | ० | ० | ० | २० | १२ | ० | १९ |
| १५ | २०७८/०७९ | १२० | | | | ५३५० | ९ | ० | ६ |
| १६ | २०७९/०८० | ७२३ | - | - | - | ३६१५ | ४ | ० | २६ |
| १७ | २०८०/०८१ | १४०० | - | - | - | ३६१५ | ८२ | ० | १७२ |
| १८ | २०८१/८२ | ८३३ | - | - | - | १०२० | १०३ | २ | १४९ |

### ३.१.१ बाढी तथा डुबान

विगत १० बर्षको तथ्यांकको विश्लेषण गर्दा बर्दिया जिल्लामा विपद्को प्रमुख कारण बाढी रहेको छ । जसबाट मानवीय तथा भौतिक क्षति पुर्याउने विपद् रहेका छ । बाढीको स्रोतको विश्लेषण गर्दा अत्यधिक बर्षाका कारण नदी नालामा पानीको बहाब बढ्ने, नदी कटानबाट भु-क्षय हुने गरेको छ । त्यस्तै मानव बस्तीहरुमा उचित ढलको निकास नहुँदा खोला नालाको बहाब क्षेत्र नै मिचेर भौतिक संरचना निर्माण गरिदा मनसुनमा परेको पानीले उचित निकास नपाई डुबानको समस्या सिर्जना हुने गर्दछ ।

### ३.१.२ हावाहुरी

बर्दिया जिल्लामा हावाहुरी दोस्रो ठूलो विपद्को कारण रहेको छ । विगत केही वषर्ाको अभिलेखलाई हेर्दा जिल्लामा सयैंको संख्यामा घरहरु क्षति भएको देखिन्छ । खासगरी चैत्र महिनादेखि जेष्ठ महिनासम्म हुरीबतासजन्य प्रकोपको कारण धनजनको क्षति भएको पाइएकोमा केही समययता असार महिनामा समेत हावाहुरी आई ठूलो धनको क्षति हुने गरेको छ । हावाहुरीका कारण बर्दिया जिल्लाका घर तथा बस्तीहरुमा क्षति बढ्दोक्रमका देखिन्छ । मापदण्ड बमोजिमका घरहरु नबनाउनु एवम् न्यून आर्थिक अवस्थाका कारण सुरक्षित घरहरु बनाउन नसकिरहेको मुख्य कारणले गर्दा हावाहुरीले बढी प्रभाव पार्ने गरेको देखिन्छ ।

### ३.१.३ आगलागी

विशेषगरी यस जिल्लामा गर्मीयाम बढ्नासाथ आगलागीका घटनाहरु अत्याधिक हुने गरेको पाइन्छ । विगत दुई तीन वर्ष यता आगलागीको घटनाहरुको तथ्याङ्कलाई विश्लेषण गर्दा अन्य मौसमी अवस्थाहरुमा पनि

आगलागीका घटनाको संख्या वृद्धि भएको देखिन्छ । यस्ता घटनाहरुमा आर्थिक विपन्नता घरहरु उच्च जोखिममा रहेको पाइन्छ । समुदायका मानिसहरूको असावधानीपूर्वक आगोको प्रयोग, घरको बनोटले र असुरक्षित तथा अव्यवस्थित विद्युतीय उपकरणहरुको प्रयोगले गर्दा आगलागीका घटना बढी हुने गरेको पाइन्छ ।

### ३.१.४ जंगली जनावारको आतंकः

जिल्लाको कुल क्षेत्रफल २०२५०० हेक्टरमध्ये वन क्षेत्र १२१६८२ हेक्टर रहेको छ । जसमध्ये सामुदायिक वनले १८४२५.०८ हेक्टर, राष्ट्रिय निकुञ्जले ८७,९३६.०० हेक्टर जमीन ओगटेको छ । यसरीनै मध्यवर्ती क्षेत्रको वनले ११९७० हेक्टर ओगटेको छ भने राष्ट्रिय वनले १८६९४.६ हेक्टर ओगटेको छ । जिल्लाको अधिकांश भूभाग राष्ट्रिय निकुञ्ज वन, राष्ट्रिय वन तथा सामुदायिक वन र छिमेकी मुलुक भारतको राष्ट्रिय निकुञ्ज वन, जैविक मार्ग क्षेत्र पर्दछ । फलस्वरुप बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, सामुदायिक वन, राष्ट्रिय वन र भारतीय निकुञ्ज आसपासका मानवीय बस्तीहरुमा जंगली जनावरको आतंक अत्याधिक रहने गरेको पाइन्छ । जंगली जनावारको आतंकको कारण मानिसको ज्यान जाने, भौतिक संरचनामा क्षति पुग्नुका साथै वालीनालीको समेत क्षति हुने गरेको छ । यसरी हुने मानव तथा वन्यजन्तु द्वन्द्वका कारण जैविक विविधतामा असर पर्ने देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रहरुमा सुरक्षाको उचित प्रबन्ध नगरेका कारण यस जिल्लामा वार्षिक रुपमा मानवीय क्षति व्यहोर्नु परिरहेको छ । पछिल्ला वर्षहरुमा बाघको आक्रमणबाट ज्यान गुमाउनेको संख्या ह्वात्तै बढेको छ । त्यसैगरी कृषि बाली तथा जंगल आसपासमा बसोवास गर्ने समुदायहरुमा जंगली हात्तीको आक्रमणबाट जिविकोपार्जनको क्षेत्रमा असर पुऱ्याएको पाइन्छ ।

### ३.१.५ सडक दुर्घटनाः

यस जिल्लामा सडक दुर्घटनाको प्रमुख कारणहरुमा मानवीय, यान्त्रिक, सडक अवस्था, वातावरणिय प्रभाव (बाक्लो कुहिरो) प्रमुख रहेका छन् । विकाससंगै सवारी साधनको चाप यस जिल्लामा पनि अत्याधिक बढिरहेको छ । मुख्यगरी मानवीय कारण लापरवाही पूर्वक सवारी साधन चलाउनु, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउनु, ट्राफिक नियमको पालना नगर्नु, पैदल यात्रीमा ट्राफिक नियमको बारेमा जानकारीमा कमी हुनु तथा सवारी साधनको अवस्था ठिक नहुनु, सडकमा पशुपंक्षी छाडा हुनु, सवारी क्षमता भन्दा बढी भार बोक्नु र पुराना र साँघुरा सडकहरु हुनु, सवारी अनुमति नभएकाले सवारी चलाउनु, कम उमेरका चालकले वर्षेनी सडक दुर्घटना बढ्दो छ । यस जिल्लाको मुख्यगरी गुलरिया बजार, भादा नदी, गणेशपुर, सितलावजार, मैनापोखर, भोलागौडी र राजमार्ग तर्फ मानखोला नजिक, लखना चोक, बाँसगढी, माछागढ, बैदी, कतर्निया, भुरीगाउँ बजार, ठाकुरद्वारा बजार, कुसुम्बा बजार, वेलवा चोक, ओराली बजार, कोठियाघाट, मानपुरटपरा, राजापुर बजारक्षेत्र सडक दुर्घटनाको दृष्टिकोणले अति जोखिम यूक्त ठाउँहरु मनिन्छ ।

### ३.१.६ शीतलहरः

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिर देखि माघ÷फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट बालबालिका, सुत्केरी, गर्भवती, वृद्धवृद्धा तथा गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन् । त्यसैगरी शितलहरका कारण कृषिबालीमा समेत क्षति पुऱ्याउने र कृषि उत्पादनमा कमी हुने गरेको छ ।

### ३.१.७ सर्पदंश

बर्दिया जिल्ला तराई क्षेत्रमा पर्ने जिल्ला हुनुका साथै वन क्षेत्र, घरसँग जोडिएका गोठ, घाँस दाउराहरु राख्ने एवम् अव्यवस्थित घरटहरले गर्दा यस जिल्लामा सर्पदंश एउटा जनस्वास्थ्य समस्याका रुपमा रहने गरेको छ । भने बैशाख देखि असोजसम्म बढी गर्मी एवम् जताततै पानीको मात्रा रहने भएकाले यो समयमा सर्पहरु बढी देखिने र सुख्खा स्थान खोज्दै घरगोठमा आउने हुँदा हरेक वर्ष बर्दियाबासीले ज्यान गुमाएका छन् ।

### ३.१.८ महामारी

बर्दिया जिल्ला तराई क्षेत्रमा पर्ने एवम् गर्मीमा बढी गर्मी र जाडोमा बढी जाडो हुने हुँदा मानिसहरुले आफ्नो स्वास्थ्यमा ध्यान नदिदा महामारी समेत एक समस्याको रुपमा देखा परेको छ ।

### ३.१.९ भूकम्प

विगतका वर्षहरुको विपद् प्रतिकार्य योजनामा भूकम्पीय विपद्लाई योजनावद्ध रुपमा समावेश गर्न सकिएको थिएन । भुकम्पको प्रभाव बर्दिया जिल्लामा सामान्य देखिएको भए पनि हालसम्म भुकम्पका कारण कुनै त्यस्तो ठूलो क्षती व्यहोर्नु परेको छैन र भुकम्प प्रतिकार्यको अनुभव पनि छैन । तर Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भुकम्प जान सक्ने सम्भावना रहेको र ठुलो मात्रामा जनधनको क्षति हुनसक्ने अनुमान गरेको छ । भुकम्पीय दृष्टिकोणबाट जिल्लाका नगरपालिका तथा गाउँपालिकामा रहेका अधिकांश पुराना विद्यालय, निजी भवनहरु तथा संरचनाहरु जोखिममा रहेका छन् । भवन निमार्ण आचार संहिता बमोजिम निर्माण गरिएका घर कम भएका तथा जिल्लाका पुराना वजार क्षेत्रहरु भुकम्पीय सुरक्षा दृष्टिकोणले सम्वेदनसील देखिन्छ ।

## ३.२ चालु आ.व. २०८१/८२ को विपद्को पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागले आगामी मनसून अवधि (जेठ १८ गतेबाट असोज १४ गतेसम्म) को जलवायुको आंकलन गरेको छ । सोबाट यस जिल्लाको अधिकांश भू-भागमा सरदरभन्दा अधिक बर्षा

हुने सम्भावना रहेको देखिन्छ । अनुमान बमोजिम बाढी तथा डुबानको जोखिम यस जिल्लामा रहेको देखिन्छ । त्यसैगरी यस जिल्लामा अत्यधिक गर्मीका कारण सर्पदंश, महामारीको विपद् जोखिम समेत रहेको देखिन्छ । तराई क्षेत्रमा पर्ने यस जिल्लामा शीतलहरका कारण बर्षेनी सडक दुर्घटना, बालीनालीमा क्षति, बढी चिसोका कारण स्वास्थ्यमा असर जस्ता विपद्का घटनाहरु घट्ने गरेका छन् । जल तथा मौसम विज्ञान विभागले ऋतुगत मौसमको आँकलन गरी विशेष बुलेटिन निकाल्ने गर्दछ भने विशेष अवस्था आउने देखिएमा मन्त्रालय तथा प्राधिकरणले छुट्टै सूचना एवम् सरोकारवाला कार्यालयलाई परिपत्र गर्दछ ।

### ३.३ चालु आ.व. २०८१/८२ को विपद्को जोखिमको आंकलन

लुम्बिनी प्रदेशको तराई क्षेत्रमा पर्ने बर्दिया जिल्ला बहुप्रकोपिय जोखिम रहेको जिल्ला अन्तर्गत पर्दछ । यसमा विशेषत बाढी, डुबान, जमीन कटान, हावाहुरी, आगलागी, जंगली जनावरको आक्रमण, शीतलहर, चटयाङ्, महामारी, करेन्ट, सर्पदंश मुख्य समस्याका रुपमा रहेकाले स्थानीय समुदायहरुलाई उल्लेखित प्रकोपले सताउने गरेको छ । त्यस्तै मनसूनको बर्षा, त्यसले निम्त्याउने डुबान र गर्मी मौसमको समिस्रण हुँदा महामारी जस्ता समस्या समेत यस जिल्लामा विगतमा स्थानीयहरुले समस्या भोग्नु परेको देखिन्छ भने अत्यधिक बर्षा, सर्पदंश, चटयाङ्गो विपद्बाट पनि यस जिल्ला प्रभावित हुँदै आएको छ ।

### ३.४ चालु आ.व. २०८२/८३ को विपद्को जोखिमको आंकलन

मनसुन ऋतु (1[a] June - 30th September 2025) को हावापानी आँकलन (१८ जेठ-१४ असोज, २०८२) मा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहेको छ। अधिकतम तापक्रम र न्यूनतम तापक्रम समेत देशभर सरदर भन्दा बढी रहने सम्भावना रहेको छ।

**बर्षाको आँकलनः**

यस मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहेको छ । लुम्बिनी प्रदेशको उत्तरी भू-भागमा सरदर भन्दा बढी वर्षा हुने संभावना ५५% देखि ६५% रहेको छ भने पश्चिमी भू-भागमा सरदर भन्दा बढी वर्षा हुने संभावना ४५% देखि ५५% रहेको छ।

**अधिकतम तापक्रमको आँकलनः**

अधिकतम तापक्रम देशभर सरदर भन्दा बढी हुने सम्भावना रहको छ। लुम्बिनी प्रदेशको उत्तरी भू-भागमा सरदर भन्दा बढी अधिकतम तापक्रम रहने संभावना ५५% देखि ६५% रहेको छ बाँकी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहेको छ।

तालिका नं. १०, विपद् तह निर्धारण

| सामान्य | मध्यम | ठूलो | उच्च (विनाशकारी) |
|---|---|---|---|
| २,००० जनासम्म मानिस प्रभावित<br>वा<br>१०० जनासम्म मानिस विस्थापित<br>वा<br>१० करोडसम्मको आर्थिक क्षति | ५,००० जनासम्म मानिस प्रभावित<br>वा<br>२०० जनासम्म मानिस विस्थापित<br>वा<br>५० करोडसम्मको आर्थिक क्षति | १०,००० जनासम्म मानिस प्रभावित<br>वा<br>१,००० जनासम्म मानिस विस्थापित<br>वा<br>५ अर्बसम्मको आर्थिक क्षति | १०,००० जनाभन्दा बढी मानिस प्रभावित<br>वा<br>१,००० जनाभन्दा बढी मानिस विस्थापित<br>वा<br>५ अर्बभन्दा बढी आर्थिक क्षति |

तालिका नं. ११, विपद् तहमा आँकलन गरिएको जनसंख्याः

| **विपद्** | **प्रभावित हुनसक्ने घरपरिवार संख्या** | **जम्मा जनसंख्या (१०० प्रतिशत)** | **जम्मा बालबालिका (२० प्रतिशत)** | **जम्मा जेष्ठ नागरीक (१० प्रतिशत)** | **जम्मा अपांगता भएका नागरीक ( १.५ प्रतिशत)** |
|---|---|---|---|---|---|
| बाढी | २०००० | १००००० | २०००० | १०००० | १५०० |
| जंगली जनावरको आक्रमण | २०० | ५०० | १०० | ५० | ८ |
| आगलागी | २०० | १००० | २०० | १०० | १५ |
| भुकम्प | १००० | ५००० | १००० | ५०० | ७५ |
| महामारी | १०००० | ५०००० | १०००० | ५००० | ७५० |
| चट्याङ | १०० | १० | २ | २ | २ |
| करेन्ट | १०० | २५ | ५ | ३ | ४ |
| सर्पदंश | १०० | ३० | १० | ५ | ५ |
| हावाहुरी | २५०० | १००० | ५० | ५० | १० |

## ३.४ जिल्लास्थित स्रोत-साधनको आँकलन

तालिका नं. १२, आवश्यकताको लेखाजोखा तथा खाडल (Gap's) को पहिचान

| क्र.स. | खाडल (Gap's) | खाडल (Gap's) पुरा गर्न पुर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिवद्धता | समय सिमा | संयोजक |
|---|---|---|---|---|---|---|
| १ | तथ्यांक संकलन र विषयगत तथ्यांक संकलनमा समस्या | मोवाइल एप्लीकेशन मार्फत तथ्यांक संकलनका लागि IRA, MIRA फर्मेटबारे तालिम, ACT को व्यवस्थापन IRA, MIRA /CSDA सूचना लिने फर्मेटको छपाइ गर्ने मोवाईल डाटा मार्फत तथ्यांक संकलन गर्न प्रयास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस, डिईओसी, | जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था | असार मसान्त सम्म | जिल्ला प्रशासन कार्यालय |
| २ | खोज तथा उद्धार सामाग्रीको कमी | खोज तथा उद्धारका सामाग्री -(जस्तै रवर ट्युव, डुँगा, डोरी, लाइफज्याकेट) तीनवटै सुरक्षानिकाय र आठ ओटै स्थानीय तहमा भण्डार गर्ने । | जिल्ला प्रशासन कार्यालय (जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति) | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह रेडक्रस, | असार मसान्त सम्म | जिल्ला प्रशासन कार्यालय |
| ३ | सुरक्षा निकायमा पौडी खेल्ने जनशक्तिको कमी | सुरक्षा निकायका करीव ९० जनालाई (जिल्ला र इलाकामा गरी) पौडी सम्वन्धी ७ दिने तालिम दिने | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | असार मसान्त सम्म | सुरक्षा निकाय |
| ४ | जिल्लामा गैर खाद्य सामाग्रीको अभाव (एन.एफ.आई किट) | करीव ५००० परिवारलाई पुग्ने गैर खाद्य सामाग्रीको वन्दोवस्ती गरी ८ वटा स्थानीय तहमा स्टक गरी राख्ने | जिल्ला समन्वय समिति, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी | जि.स.स., स्थानीय तह, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था | असार १५ | जि.स.स, स्थानीय तह, |
| ४ | विपद्को समयमा कम्तिमा ७२ घण्टा सम्म पुग्ने सुख्खा खाद्य सामाग्रीको अभाव | करीव ५००० परिवारलाई पुग्ने सुख्खा खाद्य सामाग्रीको वन्दोवस्ती गरी ८ वटा स्थानीया तहले स्टक गरी राख्ने | स्थानीय तह | स्थानीय तह, उद्योग वाणिज्य संघहरु, विश्व खाद्य, खाद्य संस्थान | असार १५ | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति |

| क. स. | खाडल (Gap's) | खाडल (Gap's) पुरा गर्न पुर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिवद्धता | समय सिमा | संयोजक |
|---|---|---|---|---|---|---|
| ६ | वर्षात भन्दा पहिले बाढी संकटासन्नता पहिचान र रोकथामका कार्य गर्न नसकिएको | वर्षात भन्दा पहिले बाढी संकटासन्नता पहिचान र रोकथामका कार्य गर्न | स्थानीय तहहरु, जिल्ला विपद् व्यवस्थापन समिति, जल उत्पन्न प्रकोप बबई, ओराही नदी नियन्त्रण कार्यालय, कर्णाली नदी नियन्त्रण कार्यालय | जिसस, स्थानीय तह, नेरेसो, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | असार मसान्त सम्म | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति |
| ७ | अन्तर संस्था समन्वयको कमी (संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा) राहत एउटै स्ट्याण्डर्ड नभएको | स्थानीय तहले विषयगत क्षेत्र हरुको छुट्टा छुट्टै प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्ने । (स्थानीय तहको प्रतिकार्य योजना जिल्ला विपद् प्रति कार्य योजनामा समावेस गराउने) | सम्पूर्ण स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र क्षेत्रगत अगुवा निकायहरु | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | असार मसान्त | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति |
| ८ | प्रभावित स्थलमा जानका लागि बाटोको समस्या | हेलिकप्टर तथा मोटर वोटको व्यवस्था गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समिति | जिल्ला समन्वय समिति, सुरक्षा निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | आवश्यकता अनुसार | जिल्ला प्रशासन, स्थानीय तह, सुरक्षा निकाय |
| ९ | स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियता वढाउने । | स्थानीय तहमा राहत सामाग्री तयारी अवस्थामा राख्ने । आपतकालिन कोष स्थापना गरी राख्ने । कर्मचारीहरुलाई तयारी अवस्थामा रहन र बर्षातको समयमा विदा नलिने वारेमा पत्राचार गर्ने । स्थानीय विपद् व्यवस्थापन समितिलाई अभिमूखिकरण गर्ने । | स्थानीय तहहरु, जिल्ला विपद् व्यवस्थापन समिति | सम्वन्धित् गाँउपालिका, नगरपालिकामा काम गर्ने संस्था | निरन्तर | स्थानीय तह |
| १० | DEOC मा स्थायी प्रकृतिको जनशक्तिको व्यवस्थापन | DEOC मा दक्ष जनशक्तिलाई निरन्तरता दिने र तालिम दिने अधिकृत स्तरको कमाण्डमा DEOC लाई निरन्तरता दिने | जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | निरन्तर | जिल्ला प्रशासन कार्यालय |

| क्र.स. | खाडल (Gap's) | खाडल (Gap's) पुरा गर्न पुर्वतयारी कार्य | जिम्मेवारी | सहयोग गर्ने प्रतिवद्धता | समय सिमा | संयोजक |
|---|---|---|---|---|---|---|
| ११ | प्रत्येक स्थानीय तहमा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने | सबै स्थानीय तहमा विपद् सूचना संयन्त्र तयार गर्ने । विपद् फोकल पर्सनलाई सूचना व्यवस्थापन सम्बन्धी तालिम दिने । दक्ष जनशक्तिको अभिलेख तयार गर्ने । | सम्पूर्ण स्थानीय तहका प्रमुखहरु | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु | अषाढ मसान्त | स्थानीय तह |

## ३.५ भौतिक साधन श्रोतको आवश्यकता

**तालिका नं.: १३,**

| सामाग्रीको विवरण | आवश्यकता | जिल्लामा श्रोत | संभावित सहयोग |
|---|---|---|---|
| सामग्री ढुवानी ट्रक र ट्रिपर | ५ नगरपालिका र २ गाउँपालिकामा | गु.न.पा.संग २ ट्रिपर र १ टयाक्टर | स्थानीय तह |
| जनशक्ति तथा खाद्यान्न ओसार पसार साधन र जिप हलुका सवारी | | जि.प्रहरी | जिल्ला प्रहरी, WFP, NRCS |
| गोदाम राहत सामाग्री भण्डारका लागि | २५० मे.टन क्षमता भएको २ वटा गोदामघर (गुलरिया न.पा.मा १ र राजापुरमा १) | राजापुर खाद्य संस्थान १ | स्थानीय तह,<br>स्थानीय तथा अन्तराष्ट्रिय गै.स.स.हरु |
| मान खोलामा वाढी पूर्व सूचना प्रणालीको स्थापना | वर्षा मापन केन्द्र र सूचना संयन्त्र | | जिल्ला समन्वय समिति |
| ओराही खोला वाढी पूर्व सूचना प्रणालीको स्थापना | | | ठाकुरबाबा र मधुवन नगरपालिका |
| र्‍याफ्टिङ्ग वोट उद्धार सामाग्री | २ थान | | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह र अन्य सहयोगी निकाय |
| सुरक्षित आवास (उच्च मचान) | १० वटा(गु.न.पा.४, बारबर्दिया ३, राजापुर न.पा.३ वटा) | | स्थानीय तह, प्रदेश सरकार, केन्द्र सरकार र दातृ निकायहरु |

# खण्ठ चार
# ४.विपद्को समिक्षा र सिकाइ

## ४.१ विगतका आ.व.हरुमा भएको विपद्का घटनाको समिक्षा र सिकाई

बर्दिया जिल्लामा आइपर्न सक्ने विपद्हरुलाई प्रभावकारी ढंगले सामना गर्न सक्ने क्षमताको विकास तथा पुर्वतयारीको आवश्यकतालाई महसुस गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्देशिकामा भएको प्रावधान अनुसार जिल्ला विपद् व्यवस्थापन समिति वर्दियाको अग्रसरतामा यस जिल्लामा वि.सं.२०६८ सालदेखि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी बार्षिक रुपमा नियमित आवश्यक परिमार्जन गरी प्रकाशन गर्ने गरिएको छ । यस बर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०७६ को आधारमा यो योजना अद्यावधिक गरिएको छ । गृह मन्त्रालयले वि.स.२०६४ देखि विपद् जोखिम न्यूनीकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्ने कार्यको प्रारम्भ गरेको देखिन्छ । विपद् सम्बन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्धतिमा सुधारका लागि गृह मन्त्रालयले विभिन्न तह र क्षेत्रमा राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ तथा सरकारी अधिकारीहरुको संलग्नतामा विभिन्न गोष्ठी तथा छलफल गर्ने गरेको छ ।

यी छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई मध्यनजर गर्दै जिल्ला स्थित सरोकारवाला निकाय बीच विपद् सम्बन्धी साझा धारणा र बुझाई कायम गरी योजना तर्जुमाका लागि विभिन्न चरणमा बैठक, कार्यशाला गोष्ठी सम्पन्न गरी जिल्ला स्तरीय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ । हाल बर्दिया जिल्लामा आपत्कालीन अवस्थामा प्रतिकार्य तथा सूचना र समन्वयका लागि जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा सन्चालन हुने गरी जिल्ला प्रशासन कार्यालयमा जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) स्थापना भई कार्यान्वयनमा रहेको छ । पूर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्य सञ्चालन विधि र पूर्वसूचना प्रणाली, आपत्कालीन कोष कार्य सञ्चालन विधि समेत तत्कालिन जिल्ला दैवी प्रकोप उद्धार समितिबाट पारित भै कार्यान्वयमा रहेको छ । साथै जिल्ला भित्र साविकका स्थानीय निकाय र न.पा.मा स्थानीय जलवायु अनुकुलन योजना तयार भएका छन् ।

बर्दिया जिल्लामा बिभिन्न निकायहरुबाट बिभिन्न समयमा विपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजना सम्बन्धी प्रतिवेदनहरु प्रकाशन भएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ । केही महत्वपूर्ण सामाग्रीहरु र त्यसबाट प्राप्त असल अभ्यासहरु तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

तालिका नं. १४,

| क्र.स. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८-२०७८ | जिल्लास्तरको विपद् जोखिम स्तरिकरण र विषयगत अभ्यासहरु । |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०७६ | कार्ययोजना निर्माण एवम् कार्यान्वयनमा सहजीकरण भएको । |
| ३ | प्रकोप व्यवस्थापन कार्ययोजना २०६६, बर्दिया | समग्र जिल्लाको विपद् जोखिमको अवस्थाको चित्रण । |
| ४ | जिल्ला विपद् व्यवस्थापन समितिका वार्षिक प्रतिवेदनहरु | जिल्लामा हुने गरेको विपद्का घटनाहरु र समाधानका उपायहरु बारे जानकारी । |
| ५ | विभिन्न गै.स.स.को सहयोगमा समुदाय स्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन कार्ययोजना र | स्थानीय निकायले गरेको प्रयास र सफलताका कथाहरु एवं गाउँ स्तरमा योजना निर्माण गर्ने प्रक्रिया स्थानीय समुदायको प्राथमिकताहरु बारे जानकारी भएको विपद्को स्थिति र |

| क्र.स. | प्रतिवेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| | अनूभवहरु | स्थानीयस्तरबाट गरेका परम्परागत असल अभ्यास र सम्भावित उपायहरु । |
| ६ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा बर्दियाको आपत्कालीन जनस्वास्थ्य योजना | आपत्कालीन जनस्वास्थ्य योजना अद्यावधिक, आपत्कालीन कोष स्थापना र सो कोषमा रकम थपिदै जाने रणनीति रहेको |
| ७ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता । |
| ८ | विपद जोखिम न्युनीकण तथा व्यवस्थापन ऐन २०७४ को पहिलो संशोधनन २०७५ | ऐनले व्यवस्था गरेको मापदण्ड र सरकारी संरचना बारे बुझाई |
| ९ | स्थानीय सरकार सञ्चालन सम्वन्धमा व्यवस्थापन गर्न वनेको ऐन, २०७४ | विपद् जोखिम न्यूनीकरणमा स्थानीय निकायको भुमिकाबारे स्पष्टत । |
| १० | स्फेयर परियोजना | राहत मापदण्ड र न्यूनतम आवश्यकता बारे जानकारी भएको |
| ११ | ह्योगो कार्य संरचना सन् २००५ देखि १५(सेन्डाई कार्य संरचना २०२०-२०३०) तथा फ्लागसिप फोर, २००९ | विपदलाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश गर्न । |
| १२ | प्रकोप पिडितलाई राहत प्रदान गर्ने मापडण्द २०४५, तेश्रो संशोधन २०७४ | राहत सम्बन्धी मापदण्ड निर्धारण गरिएको । |
| १३ | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा २०७० को पहिलो संशोधन २०७५ | तत्कालको प्रतिफल सम्बन्धी पूर्वानुमानमा सहजता । |
| १४ | स्थानीयस्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन योजना | कार्ययोजना तत्काल प्रतिकार्यमा सहज । |
| १५ | लेखाजोखा मार्गदर्शन, २०७२ | लाभान्वित पहिचानको आधार । |
| १६ | नेपाल सरकारद्वारा गरिने निर्देशन तथा परिपत्रहरु । | प्रतिकार्यमा सहजता । |
| १७ | जिल्ला आपतकालीन कार्य संचालन केन्द्रबाट प्राप्त सूचना | तथ्यांक एकीकृत तथा प्रतिकार्यमा सहजता । |
| १८ | नेपाल रेडक्रस सोसाईटी बर्दिया जिल्ला शाखाबाट प्राप्त तथ्यांकहरु | तथ्यांक एकीकृत तथा प्रतिकार्यमा सहजता । |
| १९ | पूर्वानुमानमा आधारीत बाढी पूर्वसूचना कार्यविधि, २०७५ | विषयगत क्षेत्रको जिम्मेवारी बाँडफाँडमा सहजता । |
| २० | दिगो विकास लक्ष्य २०२०-३० | दिगो विकास लक्ष्यका उद्देश्य नं. १३ को परिपुर्तिमा प्रत्यक्ष सहयोग पुग्ने । |
| २१ | आपतकालिन संचार प्रणालीको तहगत आवद्धता र संचालन मापदण्ड, २०७५ | विपद्का वेला सवै तह सरोकारवाला वीच आपतकालिन सञ्चार संचालनाको सही व्यवस्थापन |
| २२ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | सबैको भुमिका र अधिकार बारेमा स्पष्टता । |

## ४.२ आ.व. २०८०/०८१ मा विपद्बाट भएको क्षति

तालिका नं. १५,

| सि.नं | घटना | घटना संख्या | मानिस | | | चौपाया | | सरकारी कार्यालय | घर | गोठ | अन्य | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | घाईते | बेपता | मृत्यु | घाईते | | | | | |
| १. | बाढी/डुबान | ७७ | २४ | १ | ० | ० | ० | ० | ० | ० | ० | |
| २. | आगलागी | ९२ | १० | १९ | ० | ३४ | २२ | ० | २५ | ३४ | ६१ | ३१४९५३२० |
| ३. | चट्याङ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | हावाहुरी | १०४८ | ५ | ३ | | ४ | २ | २ | ८२३ | ११० | ८८ | २२४८१२७४ |
| ५. | जंगली जनावरको आक्रमण | ६९ | ६ | २८ | ० | ३२ | ६ | ० | २० | ० | ५ | २२७४४५० |
| ६. | सडक दुर्घटना | ८० | २६ | ९९ | ० | ० | ० | ० | ० | ० | ० | |
| ७. | करेन्ट | १८ | ९ | ७ | ० | २ | ० | ० | ० | ० | ० | |
| ८. | सर्पदंश | १५ | १ | १५ | ० | ० | ० | ० | ० | ० | ० | |
| ९. | भुकम्प | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| जम्मा | | १४०० | ८२ | १७२ | ० | ७२ | ३० | २ | ८६८ | १४४ | १५४ | |

## ४.३ आ.व. २०८१/०८२ मा विपद्बाट भएको क्षति

तालिका नं. १६,

| **सि.नं.** | **विपद्को किसिम** | **जम्मा घटना संख्या** | **क्षतिको बिवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **प्रभावित घरपरिवार** | | **व्यक्ति** | | | **चौपाया** | | **भान्छा** | **गोठ** | **अनुमानित क्षेति रकम(रु.मा)** |
| | | | **पुर्ण** | **आंशिक** | **मृत्यू** | **घाईते** | **बेपत्ता** | **मृत्यू** | **घईते** | | | |
| १. | हावाहुरी | ७४ | २ | ६८ | ० | ० | ० | ० | ० | ५० | २० | ५९११००० |
| २. | चट्याङ्ग | ९ | ० | २ | २ | ० | ० | २ | ० | २ | ४ | ६२००० |
| ३. | आगलागी | ८८ | १३ | ५ | १ | ८ | ० | ११ | ४ | १० | २९ | ७२४९५२० |
| ४. | वन्यजन्तु आक्रमण | १२२ | ० | १६ | ८ | २५ | 0 | ९६ | ११ | ६ | १ | २३९४८१४ |
| ५. | बाढी/डुवान | १९२ | १ | ७२३ | २४ | ८ | २ | ५ | ० | १०५ | ८५ | ८६१००० |
| ६. | सडक दुर्घटना | ८० | ० | ० | ३८ | ५० | ० | १ | १ | ० | ० | ० |
| ७. | करेन्ट | २८ | ० | ० | १० | १७ | ० | ० | ० | ० | ० | ७०००० |
| ८. | सर्पदंश | २३ | ० | ० | ६ | १८ | ० | ० | ० | ० | ० | ० |
| ९ | अन्य | ४०४ | ३ | ० | १४ | २३ | ० | ० | ० | १ | ० | ७९०००० |
| **जम्मा** | | **१०२०** | **१९** | **८१४** | **१०३** | **१४९** | **२** | **११५** | **१६** | **१७४** | **१३९** | **१७३३८३३४** |

## ४.४ उच्च प्राथमिकता दिई तत्काल गर्नु पर्ने कार्यहरु

**संवन्धित निकायलाई तोकेको भूमिकाको आधारमा उच्च प्राथमिकता दिई तत्काल गर्नुपर्ने कार्यहरु निम्नानुसार रहने छन् ।**

- बन्दोवस्ती विषयगत क्षेत्र (Logistics Cluster) को नेतृत्व गर्दै सहयोगी संस्थाहरू समेतको सहयोगमा यस क्षेत्रलाई कियाशील गरी आपत्कालीन सामग्रीको ढुवानी सुचारू राख्ने, विपद् प्रतिकार्य तथा राहत सामग्रीहरूलाई सम्भावित आवश्यकताका स्थानहरूमा (Strategic Locations) भण्डारण गर्ने व्यवस्था मिलाउने ।
- तीनवटै सुरक्षा निकायले विपद् सहायताका लागि तालिम प्राप्त जनशक्तिलाई तयारी अवस्थामा राखे।
- सरोकारवाला निकायहरूसँग रहेका प्रतिकार्य तथा राहत सामग्रीहरूको जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) समन्वयमा आवश्यकताका आधारमा परिचालन गर्ने/गराउने।
- आवश्यकता अनुसार अन्तर्राष्ट्रिय र राष्ट्रिय आपत्कालीन कोषहरू परिचालन गर्न समन्वय गर्ने ।
- सबै आपत्कालीन विषयगत क्षेत्र (Emergency Cluster) हरूलाई समयमै क्रियाशील गर्ने/गराउने ।
- विपद्को जोखिमवारे आम जनमानसलाई निरन्तर सूचना प्रवाह गर्न पूर्व सूचना प्रणालीको सूचना २४ सै घण्टा टेलिफोन तथा इन्टरनेटको सेवा सुचारू गर्ने प्रवन्ध मिलाउने ।
- विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार, र राहतका कार्य सञ्चालन गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई तयारी अवस्थामा राखे र विपद्को घटना हुनासाथ परिचालन गरी नागरिकको जीउधनको रक्षा गर्ने ।
- सबै स्थानीय तहहरूलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्वन्धमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न लगाई अद्यावधिक गर्ने/गराउने।
- सीमावर्ती जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरु र भारतका सीमावर्ती क्षेत्रका जिल्ला मजिष्ट्रेटलगायत सम्बद्ध पक्षहरु बीच बैठक गरी नाला तथा ड्रेनेजहरु सफा गर्ने प्रवन्ध मिलाइ पानीको प्राकृतिक बहावलाई कायम गराउने
- स्थानीय तहमा भएका वाढी, डुवान र पहिरो सम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रूपमा सञ्चालन गर्न स्थानीय तहहरूसँग समन्वय गर्ने ।
- वाढी, डुवान, पहिरो तथा अन्य पानीजन्य विपद्का साथै आकस्मिक जनस्वास्थ्यसँग जुध्न अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने । पेट्रोलियम पदार्थहरू एल. पि. ग्यास, नुन तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने।
- विपद्को अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।
- DEOC र LEOC लाई क्रियाशिल बनाई समन्वयात्मक रुपमा कार्य गर्ने ।

- औपधि तथा औषधिजन्य सामग्री समयमै खरिद गरी मौज्दात राख्न स्वास्थ्य कार्यालय र स्थानीय तहहरुलाई अनुरोध गर्ने ।
- खाद्य वस्तुको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
- विशेषगरी बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिलाहरूलाई विपद्को जोखिमबाट बचाउन तथा कुपोषणको रोकथाम तथा उपचारका लागि आवश्यक पोषण सामग्रीहरूको पर्याप्त मौज्दात राखे व्यवस्थाको लागि समन्वय गर्ने ।
- खाद्य, स्वास्थ्य, संरक्षण, खानेपानी तथा सरसफाइ जस्ता विभिन्न विषयगत क्षेवहरूसँग समन्वय गरी कार्य गर्ने ।
- सरसफाइ र शुद्ध पानी पिउनका लागि जनचेतना अभिवृद्धि गर्ने ।
- बाढी र पहिरोको जोखिमवाट क्षतिग्रस्त हुने सम्भावनालाई मध्येनजर गरी वैकल्पिक ल्याण्ड फिल्ड साइट पहिचान गर्ने ।
- जिल्लामा पर्याप्त मात्रामा खानेपानीका पाइपहरु लगायतका फिटिङ सामग्रीको पर्याप्त मौज्दात राखें ।
- आवश्यकता अनुसार अस्थायी आश्रयस्थल निर्माण सामग्रीहरूको व्यवस्थापनमा सहकार्य गर्ने ।
- नेपाल रेडक्रस सोसाइटी, विभिन्न विकास साझेदार संस्थाहरुले १०० का दरले आपत्कालीन आश्रयस्थलका रुपमा टेन्ट र गैर खाद्य सामाग्रीहरु तयारी अवस्थामा राखे ।
- उद्योग वाणिज्य संघसँगको समन्वयमा खाद्य सामाग्रीको भण्डारण र सहज उपलब्धता गराउने ।
- कुनै पनि स्थानमा कुनै किसिमको विपद हुने वा जाने वा जान सक्ने स्थानहरूको जानकारी/पहिचान भएमा त्यसको जानकारी यथाशीघ्र प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका नगर प्रमुख वा अध्यक्ष वा नजिकको सुरक्षा निकायमा तत्काल गराउने ।
- जिल्ला विपद् व्यस्थापन समिति र स्थानीय विपद् व्यस्थापन समितिहरूले बिपदको घटना पश्चात उक्त स्थानमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
- अति विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
- खोज तथा उद्धार र राहत व्यवस्थापनको दौरान अपुग साधन स्रोत व्यवस्थापनको निमित्त साझेदार संघ संस्थाहरुसंग नियमित सम्बाद र बैठक गर्ने ।
- विपद् प्रतिकार्यको समन्वर्यलाई अझ बढी प्रभावकारी तुल्याउन सरोकारवाला निकायहरू सम्लग्न गरी Whats App Group तयार गर्ने।
- विपद्को दौरान तत्काल परिचालन गर्न सकिने गरी Flying Squad टोलि गठन गरि सम्भावित विपद प्रभावित क्षेत्रहरुमा परिचालन गर्ने।

## खण्ड पाँच
## ५. सम्बन्धित निकायको जिम्मेवारी

### ५ सम्बन्धित निकायको जिम्मेवारीः

विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा विभिन्न निकायहरुको जिम्मेवारी निम्न अनुसार हुनेछ

### ५.१ जिल्ला विपद् व्यवस्थापन समिति

जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | जिल्ला समन्वय समितिको प्रतिनिधि | -सदस्य |
| (ग) | जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख | -सदस्य |
| (घ) | स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख | -सदस्य |
| (ङ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| (च) | जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू | -सदस्य |
| (छ) | राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ज) | नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख | -सदस्य |
| (झ) | गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ञ) | नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ट) | उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख | -सदस्य |
| (ठ) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | -सदस्य सचिव |

**जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,

(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,

(ग) जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,

(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,

(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,

(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,

(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,

(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,

(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,

(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ५.२ स्थानीय विपद् व्यवस्थापन समिति:

प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

**स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—**

(क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ५.३ जिल्ला प्रशासन कार्यालय

- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको कमाण्डमा प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान तथा आपत्कालीन कार्यसञ्चालन केन्द्रका पदधिकारी रहने गरी जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा विपद् अवधिभरका लागि विपद् प्रतिकार्य कमान्ड पोष्ट स्थापना गरिएको छ।
- विपद्लाई थप व्यवस्थित र सहज सूचना प्राप्तिका लागि जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा १० सदस्यीय जिल्ला विपद् सहायता कक्ष रहने व्यवस्था गरिएको छ।
- जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने।
- कम्तीमा ३५ जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री सहित तयारी अवस्थामा राख्ने।
- आपत्कालीन आश्रयस्थल, खाद्यान्न, पोषण, लैंगिक संवेदनशीलता जस्ता विषयहरु समेतको ख्याल गरी पूर्वतयारीका कार्यहरू सम्पन्न गर्ने।
- आवश्यकता अनुसार पर्याप्त मात्रामा खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थाप् गरी मौज्दात राखे।
- राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा प्रवन्ध गर्ने
- सबै विषयगत क्षेत्रका नेतृत्व र सहनेतृत्व (Cluster Lead & Co-Lead) गर्ने निकायहरूलाई तयारी अवस्थामा राखे, राख्न लगाउने।
- विपद्को घटना घटेको स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने।

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयसंग समन्वय गरी जिल्ला तहमा ओ
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापन गर्ने।
- प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरु भारतका सीमावर्ती क्षेत्रका जिल्ला मजिष्ट्रेट लगायत सम्बद्ध पक्षहरु बीच बैठक गरि नाला तथा ड्रेनेजहरु सफा गरी पानीको प्राकृतिक बहावलाई कायम गराउने ।
- विपद्को घटना हुने वित्तिकै खोज तथा उद्धारका लागि उद्धारकर्मी परिचालन गर्ने तत्कालै प्रभावितहरूलाई राहत उपलब्ध गराउने प्रवन्ध मिलाउने।.
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालाबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने ।
- विपद्को प्रभावसँग सम्बन्धित तथ्याङ्क संकलन तथा एकिन गर्ने कार्यलाई महत्वका साथ ध्यानमा राखी उक्त तथ्याङ्कमा हरसम्भव शुद्धता ल्याउने।
- जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई जनशक्ति र स्रोतसाधन सहित चौविसै घण्टा सञ्चालनमा ल्याउने ।
- सीमावर्ती क्षेत्रमा हुने विपद्का घटनाहरुको समाधानका लागि भारतीय समकक्षीकसँग समन्वय गर्ने, समस्या समाधान गर्ने र मन्त्रालयलाई नियमित जानकारी गराउने ।
- थप समस्या समाधानका उपायहरुका बारेमा माथिल्लो निकायमा समन्वय गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति हुने गरि आम उपभोक्ताले उचित मुल्यमा गुणस्तरिय वस्तु तथा सेवाको उपभोग गर्न पाउने ब्यावस्था मिलाउने।
- विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ पहिले संलेषण गरेको व्यवस्था वमोजिम गठित **जिल्ला विपद् व्यवस्थापन समिति**को सामान्य कार्य
- विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा **स्थानीय विपद् व्यवस्थापन समिति**हरु संग समन्वय गर्ने वा समन्वय गर्न लगाउने ।
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय मार्फत कार्यकारी समितिमा पेश गर्ने ।
- स्थानीय तहहरुमा रहेका स्थानीय विपद व्यस्थापन समितिबाट संचालित राहत तथा उद्धारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।
- समय-समयमा विपद् राहत उद्धार कार्यमा भैरहेको प्रगतिको बारेमा क्षेत्रीय तथा केन्द्रीय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।
- संघीय कार्यकारी समिति, गृह मन्त्रालय तथा प्रदेश विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।
- वाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने ।
- वाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय⁄ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, Action Aid/DLSA, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने ।
- क्षतिको २४ घन्टा भित्र IRA मोवाइल एप्लीकेशन मार्फत विवरण सङ्कलन गर्ने ।
- बहु विषयगत प्रारम्भिक द्रुत लेखाजोखा, आवश्यकता अनुसार थप लेखा जोखा गर्ने निर्णय गर्ने र संङ्कलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने ।
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने ।

## ५.४ जिल्ला समन्वय समिति

- समन्वयात्मक कार्यमा सहयोग गर्ने ।
- आवास तथा पुनःस्थापनामा कार्य गर्ने ।
- स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने ।
- क्षमता विकासमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अनुगमन गर्ने।

## ५.५ स्थानीय तह

- आपनो पालिकाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने। स्थानीय समुदायलाई विपद्धति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र समितिको क्रियाशीलताका लागि जिम्मेवारी बाँडफाँड र नियमित बैठक बस्ने व्यवस्था गर्ने ।
- विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।
- विपद्लाई थप व्यवस्थित र सहज सूचना प्राप्तिका लागि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा स्थानीय विपद् सहायता कक्ष रहने व्यवस्था गरिएको छ ।
- विपद् प्रतिकार्यको निमित्त जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र आवश्यकता अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्ने ।
- स्थानीय तहमा विपद्को दौरान आवश्यक पर्ने खोज तथा उद्धार र राहत सामग्रीहरूको व्यवस्थापन गर्ने ।
- ढुंगा, गिटी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना (पुल, पुलेसा, सडक) हरुको सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्रीहरु नियमानुसार हटाउने व्यवस्था गर्ने ।
- मनसुन अगावै सहर बस्तिका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।
- पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।
- स्थानीय तहमा विपद् पूर्वसूचना प्रणालीको विकास गर्ने।
- विपद्को घटना घटेको स्थलमा आवश्यकता अनुसार हेल्प डेस्क स्थापना गर्ने ।
- स्थानीय तहमा अति विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।
- विपद्को दौरान असरदार प्रतिकार्यको लागि पालिका अन्तर्गत रहेका साधन स्रोत परिचालन गर्ने ।
- आवश्यकता अनुसार मनसुन पूर्वतयारी तथा प्रतिकार्यको निमित्त पालिकामा रहेका सरकारी गैर सरकारी निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघ, संस्था र स्थानीय समुदायसँग सहकार्य र समन्वय गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यकम सचालन गर्ने।
- विपद्का कारण विस्थापितका लागि तुरुन्त साधान्न, सरसफाइ र अस्थायी आवास तथा औषधोपचारको व्यवस्था मिलाउने।
- विपद्मा परी हराएका, विग्रेका वा नष्ट भएका कागजातहरूको एकिन तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।

- स्थानीय तहका प्रत्येक वडाहरूमा नेपाल सरकार गृह मन्त्रालयद्वारा निर्दिष्ट गरिएको विपद् प्रतिकार्यका न्यूनतम खोज तथा उद्धारका सामग्रीको आवश्यक सेट तयार गरी उपलब्धताको सुनिधितता गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति हुने गरि आम उपभोक्ताले उचित मुल्यमा गुणस्तरिय वस्तु तथा सेवाको उपभोग गर्न पाउने ब्यावस्था मिलाउने।
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।
- विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा सुरक्षा निकाय, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिसंग समन्वय गरी सोही अनुसार परिचालन गर्ने ।
- **जिल्ला विपद् व्यवस्थापन समिति**, प्रदेश विपद् व्यवस्थापन समितिमा विपद् लेखाजोखाको प्रतिवेद पेश गर्ने ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।
- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द र प्रदेशस्तरीय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद्का घटना र सोको प्रभाव बारे जानकारी गराउने ।
- विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फारम छपाई तयारी अवस्थामा राख्ने ।
- लेखाजोखाका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने ।
- तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने ।
- मनसुनको समयमा हुन सक्ने सम्भावित जोखिमलाइ मध्यनजर गर्दै आवश्यकता अनुरुप तयारी अवस्थामा रहने।
- विपदको जोखिममा परेका वा पर्न सक्ने गाउँ/टोल, समुदायको पहिचान गरी यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्युनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरुका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- विपद जोखिम न्युनिकरण,पुर्बतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानिय समुदायमा क्रियाशिल विकास साझेदार संघ संस्था,गैर सरकारी संघ संस्थाहरुलाइ तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानिय तहसंग सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउन पत्राचार गर्ने।
- स्थानीय समुदायमा मानवीय सहायताको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुलाइ तयारी अवस्थामा रहनको लागि cbdrm platform मार्फत अनुरोध गर्ने ।
- सम्भावित विपद् बाट हुन सक्ने विस्तापितहरुलाई पुग्ने सात दिन सम्माको सरसफाई अस्थायी आबास तथा औषधी उपचारको प्रबन्ध मिलाउने ।
- विपद्को कारणबाट रोजगारी गुमाएका नागरिकका लागी नगद खाध्य कार्यक्रम संचालन गर्ने ।
- गर्मियामसँगै सर्पदंशका घटनाहरू बढ्ने भएकोले सचेतना कार्यक्रम प्रचार/प्रशार र सतर्कताका कार्यहरु संचालन गर्ने ।
- स्वास्थ तथा जनसंख्या मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम किटजन्य रोगको रोकथामका उपायहरु अबलम्बन गर्ने ।
- स्थानिय स्तरमा सम्भाबित विपद्को अन्य घटनाहरुको पुर्वानुमान गरी आवश्यकता अनुसार रोकथाम पुर्वतयारी प्रतिकार्य गर्ने साथै सो संग सम्बन्धीत सचेतनाको कार्यक्रम प्रचार/प्रशार र सतर्कता कार्यहरु संचालन गर्ने
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने।
- कर्कतपाता त्रिपाल, डोरी लगायत विपदमा आवश्यक पर्ने सामग्रीहरुको प्रयाप्त मौज्दात कायम गर्ने।
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।

- महिला मैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको स्थापना गरी सञ्चालन गर्ने।
- विपद्को समयमा विशेष आवश्यकता रहने डिग्नीटी किट, किशोरी (Adolescent) किट लगायतका जीवन बचाउने राहत सामग्रीहरूको पूर्व निर्धारण र भण्डारण गर्ने। साथै उक्त सामग्रीहरूको भण्डारणको व्यवस्था मिलाउने।

## ५.६ सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नगर प्रहरी)

- प्रमुख जिल्ला अधिकारीको मातहतमा रही खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने।
- बिशेष सुरक्षा व्यवस्था मिलाउने।
- विषयगत समितिमा रही सहयोग गर्ने।
- जोखिमयुक्त स्थानहरुको नक्सांकन गरी स्रोतसाधन तयारी अवस्थामा राखे।
- स्थानीय रेडियो तथा एफ.एम. हरुबाट जनचेतनामूलक सामाग्रीहरु प्रसारण गर्ने।
- विपद्सँग सम्बन्धित स्रोतसाधनहरुको व्यवस्थापन गर्ने।
- प्रकोपजन्य घटनाहरुको सूचना संकलन तथा उद्धार प्रतिकार्यलाई छिटो छरितो बनाउनका लागि जिल्ला भित्र रहेका स्थानीय तहमा वडा स्तरसम्म निर्वाचित जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने।
- विपद्को समयमा विस्थापितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने।
- विभिन्न सुरक्षा निकाय तथा संघ संस्थासँग Joint Exercise लगायतका अभ्यास गर्ने।
- सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी वनाउन जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर समन्वय गर्ने।
- सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,
- कुनै पनि स्थानमा विपद्का घटनाहरू भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,
- आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।
- सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ।

## ५.७ राजनीतिक दल

- समन्वय तथा स्रोत संकलनमा सहयोग ।
- जनपरिचालन गर्ने।
- विपद् व्यवस्थापनमा जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग तथा सहजीकरण गर्ने ।

## ५.८ निजी क्षेत्रको जिम्मेवारी

- विपद् प्रतिकार्यको दौरान खाद्य तथा गैह खाद्य राहत व्यवस्थापनमा सहजीकरण गर्ने।
- विपद् प्रतिकार्यको दौरान राहत दुवानिमा सहजीकरण गर्ने।
- विपद्बाट प्रभावित क्षेत्रहरूमा बजार व्यवस्थापन गरी दैनिक उपभोग्य वस्तु तथा सामाग्रीहरुको आपूर्ति भएको सुनिस्चितता गर्ने।
- विपद्को दौरान बजारमा हुन सक्ने कृतिम अभाव, कालो बजारी लगायतका अवान्चित गतिविधिलाई नियन्त्रण गर्न बजारको अनुगमन तथा सुपरिवेक्षण गर्ने।
- दैनिक उपभोग्यबस्तु तथा सेवाको सहज आपूर्ति हुनेगरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय बस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।
- खाद्य बस्तुहरुको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।
- विपद्को समयमा प्रयोग हुने बस्तुको मूल्यमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धिलाई रोक्न बजार अनुगमन तिब्र बनाउने ।
- कर्कतपाता त्रिपाल, डोरी लगायत विपदमा आवश्यक पर्ने सामग्रीहरुको प्रयाप्त मौज्दात कायम गर्ने।
- दैनिक ज्यालादारीबाट जिविको पार्जन गर्ने विपन्न तथा रोजगारी गुमाएका श्रमिकको लागि अत्यावश्यक बस्तु उपलब्ध गराउन सहजीकरण गर्ने ।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्ने।

## ५.९ स्वास्थ्य कार्यालय/जिल्ला अस्पताल/आयूर्वेद केन्द्र

- विपद्का बेलामा स्वास्थ्य क्षेत्रको समन्वयका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु गर्ने।
- स्वास्थ्य कलस्टर साझेदार संस्थाहरुको म्यापिङ्गको अद्यावधिक गर्ने ।
- रोग ⁄ संक्रमणको निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान गर्ने र जोखिमको आधारमा प्राथमिकिकरण गर्ने।
- एम्बुलेन्स चालक, आकस्मिक चिकित्सकीय प्राविधिक, द्रुत प्रतिकार्य टोलीको क्षमता अभिवृद्धि गर्ने ।
- रणनीतिक स्थानहरुमा आकस्मिक औषधी तथा औषधीजन्य सामग्रीहरुको भण्डारण गर्ने ।
- विपद्का बेलामा हुनसक्ने स्वास्थ्य जोखिम कम गर्न सूचना, शिक्षा तथा संचार सामग्री तयारी अवस्थामा राख्ने ।
- आपतकलिन अवस्थामा जरुरी पर्ने आवश्यक आर्थिक श्रोत र साधनको व्यवस्थापन गर्ने ।

- स्वास्थ्य सेवाका लागि न्युनतम प्रारम्भिक सेवा (minimum initial service Package-MISP) सम्बन्धि क्षमता अभिवृद्दि गरि रोस्टर अद्यावधिक राख्रे आवश्यक किट तथा सामाग्री तयारि अवस्थामा राख्रे ।
- प्रजनन स्वास्थ्य विषयगत क्षेत्र मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा सम्बन्धी क्षमता अभिवृद्धि गरी अद्यावधिक राख्ने।
- विपद् प्रभावितहरुमा हुनसक्ने मनोसामाजिक समस्याको पहिचान तथा निराकरणको लागि समयमा समुदायमा आधारित मनोसामाजिक परामर्सदाता मार्फत परिचालन गर्ने।
- कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री समयमा खरिद गरी रणनीतिक स्थानहरुमा मौज्दात राख्ने।
- आपतकालिन अवस्थामा सरोकारवाला निकायसँग समन्वय गरी पोषण सामग्रीहरुको समयमा नै ढुवानी तथा पोषण क्षेत्रको सूचना प्रणाली अद्यावधिक गर्ने।
- विपद्को जोखिममा रहेका जोखिमयुक्त स्थानीय तहहरुमा पोषण सर्भेक्षण गर्ने।
- यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रभावित क्षेत्रहरुमा नसर्ने र सरुवा रोगहरुको हेरचाहको निरन्तरता लगायतका अत्यावश्यक एवम् नियमित स्वास्थ्य सेवाहरुको सुनिस्चितता गर्ने।

## ५.१० खानेपानी तथा सरसफाई कार्यालय

- खानेपानी तथा सरसफाईका क्षेत्रमा पुगेको क्षति र आवश्यकताको मापनको लागि कलस्टर सम्बन्धित विस्तृत मापनको पुनरावलोकन अध्ययनका लागि कार्य संचालन मापदण्ड निर्माण गरी कार्य गर्ने।
- खानेपानी तथा सरसफाई पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा जोखिममा रहेका स्थानीय तहहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।
- खानेपानी तथा सरसफाई सम्बन्धी प्राविधिक कर्मचारीहरुको समुह बनाई त्यस्ता विपद् प्रभावित क्षेत्रको नियमित अनुगमन तथा सुधारका लागि आवश्यक कार्य गर्ने।
- विपद्बाट प्रभावित भई पुनर्स्थापना गरिएका स्थानहरुमा शुद्ध पिउने पानी तथा सरसफाईको आवश्यक व्यवस्था मिलाउने।

## ५.११ संघीय आयोजना कार्यान्वयन इकाई र शहरी विकास तथा भवन कार्यालय

स्थानीय तह, विपद्का क्षेत्रमा सहयोग गर्ने राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरुको सहयोग र समन्वयमा रही तपसिल बमोजिमको कार्य गर्ने।

- विपद् जोखिमयुक्त बस्तिको पहिचान गरी अभिलेख तयार गर्ने।
- जोखिमयुक्त बस्ती स्थानान्तरणका लागि सुरक्षित क्षेत्र एकिन गर्ने।
- एकीकृत बस्ती निर्माण तथा विकास गर्ने।
- आपतकालीन आवास डिजाइन सम्बन्धी जानकारीमूलक पर्चा प्रकाशन गर्ने।
- आपतकालीन आवास प्रतिकार्य कोषको स्थापना गर्ने।
- विपद् प्रभावित क्षेत्रहरुमा आवासको लागि गैरखाद्य राहत वितरण गर्ने।
- आवास सहायताका लागि नगद वा भौचर हस्तान्तरण तथा वितरण गर्ने। आपतकालीन तथा संक्रमणकालीन आवास समाधानका लागि आवश्यक पहल गर्ने।

- वर्षा ऋषि अगावै सामुदायिक आश्रय केन्द्रहरुको सुधार गर्ने ।
- खुल्ला ठाउँ सामुदायिक केन्द्रहरु र उपलब्ध आधारभूत सेवाहरुको नक्साङ्कन गर्ने ।
- स्वास्थ्य कार्यालयसँग समन्वय गरी सरसफाई तथा स्वच्छता, स्वास्थ्य, आश्रय र अन्य विषयगत क्षेत्रसँग नजिकबाट समन्वय गर्दै योजना बनाउने, भिडभाड हटाउने र महामारीको प्रकोप रोकथामका काम गर्ने ।
- शिविर जस्ता स्थानहरु र सामुदायिक केन्द्रहरुमा मानवीय मापदण्डहरु कायम गर्नका लागि पैरबी गर्ने ।
- विपन्न र संकटासन्न समूदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी संयन्त्र स्थापना गर्ने।

## ५.१२ एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय

- प्रभावित र खाद्य असुरक्षित क्षेत्रमा रहेका सबैभन्दा कमजोर र खाद्यान्न असुरक्षित परिवारहरुमा लक्षित मापदण्ड बमोजिमको कार्य गर्ने ।
- वस्तुगत खाद्यान्न सहायता प्रदान गर्दा स्थानीय बजारमा सहजै उपलब्ध हुने र सामान्यतया सबैले दैनिक उपभोग गर्ने खाद्य सामग्रीहरू समेट्ने । खाद्यान्न सहायता प्रदान गर्नुपरेमा 2100 Kcal/person/day बराबर रहेका तपसिल बमोजिमको खाद्य सामग्रीहरू समेटिने छः
    - चामलः ४०० ग्राम/व्यक्ति/दिन
    - दालः १२० ग्राम/व्यक्ति/दिन
    - खानेतेलः ३४ मिलिलिटर/व्यक्ति/दिन
    - नुनः ५ ग्राम/व्यक्ति/दिन
- बिपद् प्रतिकार्यलाई निम्न दुई चरणमा सम्पन्न गर्ने।
    - **पहिलो चरण (पहिलो महिना):**
      यदि विपद्पछि बजारहरू सञ्चालनमा रहेको भए १ महिनाका लागि लक्षित जनसङ्ख्याको लागि सरकारले तोकेको विधिबाट सहायताका साथै पशु तथा माछा स्वास्थ्य उपचार तथा मृत पशुपन्छीको व्यवस्थापन गर्ने ।
    - **दोस्रो चरण (एक महिनापछि):**
      खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद गतिविधिहरू, बालीको मौसम अनुसार वाली वीउ वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न र बालीको सुरक्षित भण्डारणमा सहयोग, सिंचाई कुलो मर्मत, गोठ मर्मत आदिमा सहयोग साथै वीमा गरेका कृषकहरूलाई तत्काल दावी भुक्तानिमा सहजिकरण गर्ने ।

## ५.१३ शिक्षा विकास तथा समन्वय इकाई

- विपद्बाट उत्पन्न हुने महामारीबाट जोगाउन सरोकारवालासँगको सहकार्यमा विद्यालय, स्थानीय तह, विद्यार्थी र अभिभावकहरूलाई सार्वजनिक सेवा सम्बन्धी जानकारी (Public Service Announcement) जस्ता सन्देशहरू प्रवाह गरी सचेत तुल्याउने।
- विपद्-प्रेरित सरुवा रोग, विपद्को पूर्वतयारीबारे सचेत गराउने सामग्रीहरू सहित यौन शोषण र दुर्व्यवहार रोकथाम (PSEA) सन्देश जस्ता सचेतना जगाउने पूर्व तयारी सामग्रीहरू तयार पार्ने ।
- संघ, प्रदेश, जिल्ला र स्थानीय स्तरका शिक्षा विषयगत क्षेत्र (Education Cluster)

- का सदस्यहरूसँग प्रभावकारी समन्वय, जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने।
- शिक्षा समूह सदस्यहरूले आपत्कालीन अवस्थामा शिक्षा (EIE) आपूर्तिहरूको न्यूनतम पूर्व स्थिति (Minimum prepositioning) कायम राखे/नराखेको सुनिश्चित गर्ने।
- शिक्षा समूह सदस्यहरूले आपत्कालीन तयारी, प्रतिक्रिया र रिपोर्टिङवारे क्षमता विकास प्रशिक्षणहरू सञ्चालन गर्ने।
- सुरक्षित ठाउँहरूको पहिचान र कृत्रिम घटना अभ्यास (Drill, Tabletop तथा Functional Exercise) सञ्चालन जस्ता तयारी र विद्यालय सुरक्षा गतिविधिहरूमा योगदान दिन स्थानीय स्तरमा सामुदायहरूको (वि. व्य. स., अ. शि. सं. युवा क्लबहरू आति। परिचालन गर्ने।

## ५.१४ नेपाल विद्युत प्राधिकरण

- विपद्को दौरान विद्युतका पोलहरुमा क्षति पुगी, ढल्केर वा लच्केर तथा विद्युतका तारहरु चुडिएर वा अन्य कारणबाट क्षतिग्रस्त भइ विद्युत आपूर्ती अबरुद्ध भएमा तत्काल मर्मत गरी विद्युत सुचारु गर्ने व्यवस्था मिलाउने।
- उक्त कार्यको लागि अन्तर्गतका निकायहरूमा आवश्यक दक्ष प्रावधिक जनशक्ती तथा साधन स्रोत विपद् अवधिभर विभिन्न स्थानहरूमा तयारी अवस्थामा राखे।

## ५.१५ डिभिजन वन कार्यालय

- कटान, भु-क्षय नियन्त्रण, पहिरो रोकथाम, पानी मुहान संरक्षणका लागि बोटविरुवा रोप्ने तथा उत्दन गरी वितरण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने वा ल्याउने।
- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू तथा जलाधार संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- विपद्बाट प्रभावित परिवारहरुको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने।

## ५.१६ बर्दिया जिल्ला कार्यक्षेत्र भएका आयोजनाहरु

- विपद्बाट हुने सडक अबरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा पर्याप्त इन्धन र चालकसहित डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट तयारी अवस्थामा राखे।
- ढुंगा, गिटी, बालुवा थुप्रिएर जोखिममा रहेका भौतिक संरचना (पुल, पुलेसा, सडक) हरुको सुरक्षाका लागि तत्काल थुप्रिएका सामग्रीहरु हटाउने व्यवस्था स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर गर्ने।
- सम्झौता भइ निर्माण कार्य सुरू गरिसकेका भौतिक निर्माणका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न विपद् अगावै अत्यावश्यक कार्यहरू सम्पन्न गर्ने।
- विपद्बाट जोखिम हुन सक्ने स्थानहरूको पहिचान गरी प्राविधिक रूपमा प्राथमिकिकरण गर्ने र आपत्कालीन समस्या समाधानका लागि आवश्यक स्रोतहरू (निर्माण सामग्री, मानव संसाधन) को व्यवस्थापन सम्बन्धित कार्यालयबाट गर्ने।
- विपद् व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने।
- आपत्कालीन अवस्थामा जिल्ला विपद् व्यवस्थापन समिति सित समन्वय गरी तत्काल परिचालन हुने।
- जिल्लाको जुनसुकै स्थानमा सडक अवरुद्ध भएता पनि ३० मिनेटभित्र खुलाउने कार्य सुरु गर्ने गरी उपकरण तथा जनशक्ति तैनाथी अवस्थामा राखे।

### ५.१७ टेलिकम

- विपद्को समयमा सञ्चार सम्पर्क विच्छेद भएमा यथाशीघ्र पुनः सञ्चालनको व्यवस्था गर्ने ।
- विपद्को कारण टेलिफोन टावरहरूमा क्षति पुगेमा संचार व्यवस्थाका लागि मोबाइल टावरको व्यवस्था गर्ने ।

### ५.१८ संघसंस्थाको जिम्मेबारी

- नेपाल रेडक्रस सोसाइटीद्वारा गैह्र सरकारी क्षेत्र र निजी क्षेत्रका मानवीय सहायता क्षेत्रमा सबै तहमा रहेका विपद् व्यवस्थापन समितिहरूलाई आवश्यकता अनुसार सहयोग गर्ने ।
- विपद् प्रतिकार्य पूर्वतयारीका लागि नेपाल रेडक्रस सोसाइटीका स्थानीय तहका सबै शाखाहरूलाई सचेत (अलर्ट) पत्र पठाँउने ।
- नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूमा रहेका विषयगत दक्ष जनशक्तिहरूको विवरण अद्यावधिक गरी आवश्यकता अनुसार जिल्लाहरूमा घट्ने विपद्का घटनामा परिचालन गर्नसक्ने गरी तयारी अवस्थामा रहन सहजीकरण गर्ने ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा द्रुत-विस्तृत (IRA/Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य विश्लेषण र राहत व्यवस्थापन गर्ने ।
- नेपाल रेडक्रस सोसाइटी, विभिन्न विकास साझेदार संस्थाहरुले जिल्लामा २००० का दरले आपत्कालीन आश्रयस्थलका रूपमा टेन्ट र गैर खाद्य सामाग्रीहरु तयारी अवस्थामा राखे ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा उपलब्ध स्रोत साधन (आवास, खानेपानी सरसफाइ, गैरखाद्य, स्वास्थ्य, सामग्री) हरू गोदामघरमा पूर्वतयारी अवस्थामा भण्डारण गर्ने ।
- नेपाल रेडक्रस सोसाइटीद्वारा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई मनसुन तथा महामारी पूर्वतयारी र प्रतिकार्यको समन्वयका लागि सञ्चालनमा ल्याउने ।
- स्रोत व्यवस्थापनमा सहजीकरणका लागि रेडकस अभियानका अंगहरू रिडक्रस महासंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र राष्ट्रिय सोसाइटीहरू) सँग समन्वय एवं अनुरोध गर्ने ।
- सोसाइटीका प्रदेश तथा जिल्ला शाखाहरूको अगुवाइमा स्थानीय सरकारी तथाँ सुरक्षा निकायहरूमा प्रभावकारी समन्वयका लागि केन्द्रबाट सहजीकरण गर्ने ।
- जल तथा मौसम विज्ञान विभाग तथा प्राधिकरणबाट प्राप्त सूचना, सन्देश तथा श्रव्यदृश्य सामग्रीहरू रेडक्रसका अंग तथा सञ्जालमा सम्प्रेषण गर्ने ।
- राष्ट्र आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP) का सातैवता प्रादेशिक टोली प्राविधिक जनशक्तिद्वारा आवश्यकता अनुसार प्राविधिक समन्वय तथा सूचना व्यवस्थापनमा सहजीकरण गर्ने ।
- आपत्कालीन केन्द्रहरूलाई पूर्वतयारीको निम्ति आवश्यक सूचना व्यवस्थापन सम्बन्धी सहयोग गर्ने।
- राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा प्रादेशिक तहमा विभिन्न उपस्थित संघ संस्थाहरूको सहयोगमा प्रादेशिक मनसुन योजना बनाउन सहयोग. मर्ने । विपद् पश्चातको घटनाहरूको तथ्याङ्क संकलनमा प्राधिकरणसँग सहकार्य गर्ने र प्रादेशिक
- स्तर देखि केन्द्रीय स्तरसम्म जानकारी गराउने । राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा विषेश मनसुन सम्वन्धी घटनाको क्ष्तच्भउ प्रकाशित गर्न प्राधिकरणसँग सहकार्य गर्ने ।

- राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चद्वारा मनसुन पश्चातको ४५, ६० र १०० दिने मनसुन अवस्था प्रतिवेदन तयारीमा प्राधिकरणसँग सहकार्य गरी प्राधिकरणको वेवसाइट र फेसबुकमार्फत प्रकाशित गर्ने।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्ने।

## ५.१९ जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र

- मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- मनसुनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने।
- जिल्ला प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।
- विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।
- विपद् प्रतिकार्यको बेला स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।
- मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने।

## ५.२० स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र

- मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- मनसुनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने।
- पालिका तहमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।
- विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने ।
- विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।
- मनसुनजन्य विपद्को बेला सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने।

## ५.२१ नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र

- रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राखे।
- रक्तदाताहरूसँग समन्वय गर्ने।
- आपत्कालीन अवस्थामा रक्तसङ्कलन तथा वितरण गर्ने भौगोलिक क्षेत्र निर्धारण गरी रगत सङ्कलन र आपूर्ति गर्न तयारी गर्ने।
- सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने।

## खण्ड छ
## ६. क्षेत्रगत प्रतिकार्य कार्ययोजना

### ६.१. समन्वय तथा सूचना व्यवस्थापन

**अगुवाई गर्ने निकाय :** जिल्ला प्रशासन कार्यालय/जिल्ला आपत्कालीन कार्यसंञ्चालन केन्द्र (DEOC)
**मुख्य बिपद्को किसिमः** बाढी/डुबान, जंगली जनावरको आक्रमण, आगलागी, चट्याङ, सर्पदंश, भुकम्प, हावाहुरी, शितलहर, लू, महामारी

**समन्वय :** विपद्को कुनै पनि घटना घट्नासाथ त्यसलाई तत्काल व्यवस्थापन गरी सामान्य अवस्थामा ल्याउन सम्बद्ध निकायहरू र व्यक्तिसंग समन्वय गरी सोकार्यको प्रतिकार्य गर्नुपर्ने हुन्छ । खास गरी जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष एबम् खोज तथा उद्धार समितिको सँयोजकको हैसियतले प्रमुख जिल्ला अधिकारीले जिल्ला विपद् व्यवस्थापन समिति लगायत अन्य सरोकारवाला सँघ-संस्था र व्यक्तिहरूसंग समन्वय गरी विपद्को घटना भएको मिति, स्थान र घटनाको अवस्था सम्बन्धमा जानकारी गराई विपद् व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णयहरू लिनु पर्ने हुन्छ ।

**अनुमानित अवस्थाः** यस वर्ष पनि प्रभावित हुनसक्ने परिवार तथा जनसंख्याः २०,००० परिवारका १००,००० जनसंख्या हुनसक्ने छन्, जसमध्ये पूर्ण प्रभावित वा विस्थापित हुने परिवार सख्या ५००० हुनेछ । विपद्ले पुऱ्याउन सक्ने असरको अवस्था निम्न वमोजिम हुन सक्नेछ ।

- सार्वजनिक पूर्वाधारहरूमा (भवन, सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) क्षती,
- कृषि उत्पादन, पशुधन र व्यापारमा घाटा,
- सामाजिक संरचना र आपसी सहयोगमा कमी
- अपराध र असुरक्षाको सम्भावना बढ्ने
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता (अपाङ्ग) भएका मानिसहरू मुख्य रूपमा प्रभावित हुने,
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि चाप पर्ने,
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रोटोकल पालनामा चुनौती,
- आवास सम्बन्धी सहयोग आवश्यक हुने गरी विस्थापित परिवारको सङ्ख्या बढ्नसक्ने छ ।

**विपद्को अनुमानित अवस्थाः**
यस जिल्लामा हुने प्रमुख विपद्बाट निम्नानुसार सख्यामा मानिसहरु प्रभावित हुन सक्ने छन् ।
**तालिका १७ :**

| विपद् | प्रभावित हुनसक्ने घरपरिवार संख्या | जम्मा जनसंख्या(१०० प्रतिशत) | जम्मा बालबालिका (२० प्रतिशत) | जम्मा जेष्ठ नागरीक (१० प्रतिशत) | जम्मा अपांगता भएका नागरीक( १.५ प्रतिशत) |
|---|---|---|---|---|---|
| बाढी | २०००० | १००००० | २०००० | १०००० | १५०० |
| जंगली जनावरको आक्रमण | १०० | ५०० | १०० | ५० | ८ |
| आगलागी | २०० | १००० | २०० | १०० | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| भूकम्प | १००० | ५००० | १००० | ५०० | ७५ |
| महामारी | १०००० | ५०००० | १०००० | ५००० | ७५० |

- ६ वटा नगरपालिका र २ वटा गाउँपालिकाका प्रभावित समुदायले सम्बन्धित तहसँग सम्पर्क र समन्वय विस्तार गर्नुपर्ने हुनसक्छ ।
- सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट भई सूचना आदान-प्रदानमा समस्या आउनसक्छ ।
- सूचना तथा तथ्यांक सङ्कलनमा कठिनाई उत्पन्न हुनसक्छ ।
- कर्णाली नदीको कैलाशपुरी तथा ववई नदी अन्तरगत भारतको सिमानामा रहेको गोपिया व्यारेजहरुका गेटहरुका कारण पानीको प्रवाह अवरुद्ध हुन गई नेपालतर्फको भूभाग तथा समुदायहरु डुवानमा पर्न सक्ने ।
- भौतिक पूर्वाधारहरु जस्तै भवन, पुल, कलभर्ट सडक, विद्युत प्रशारण लाईन क्षति हुनसक्छ । आगलागी तथा जंगली जनावरका कारण भौतिक संरचना घरगोठ, धनमाल तथा मानवीय क्षति हुनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा दक्ष जनशक्तिको अभाव हुनसक्छ ।
- महामारी जन्य रोगहरु फैलन सक्दछ ।
- कृषि वालीमा रोगजन्य तथा किट जन्य प्रकोप हुन सक्नेछ ।
- बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला, अपांगता भएका व्यक्तिहरु जोखिममा रहन सक्छन् ।

**बिषयगत उद्देश्यः**

- सूचना संकलन एवं व्यवस्थापनका लागि विपद् लेखाजोखा मार्गदर्शन अनुसारको ढाँचा सहितको ठोस संयन्त्र स्थापना गर्ने, सुचना प्रवाहका वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सुचनाहरूलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने ।
- सूचना संकलन एवं व्यवस्थापनका लागि जनशक्ति तयार गरी राख्ने ।
- विपद्को जोखिम सम्बन्धी समुदायलाई पूर्वसूचना प्रदान गर्ने ।
- सम्पूर्ण बिषयगत क्षेत्रसँग सम्पर्क-समन्वय र परिचालन गर्ने ।
- प्राप्त सूचनाहरु संकलन तथा विश्लेषण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्प्रेषण गर्ने ।
- मनसूनको समयमा माथिल्लो तटीय क्षेत्र, छिमेकी जिल्लाहरु र भारतीय समकक्षीसंग निरन्तर सम्पर्कमा रही डुवान, कटान र क्षतिका बारेमा जानकारी लिने दिने र समस्या समाधानका लागि पहल गर्ने ।
- संघ, प्रदेश, जिल्ला, स्थानीय तह र समुदायस्तरसम्म प्रभावकारी समन्यय गरी विपद् पुर्व तयारी तथा प्रतिकार्यका लागि जिल्ला आपतकालिन संचालन केन्द्रले भुमिका खेल्ने । विपद् सम्बन्धी सवै सूचना सङ्कलन विश्लेषण र प्रसारणमा एकद्वार प्रणालीको नीति अवलम्व गर्ने ।
- संरक्षण बिषयगत क्षेत्रको सम्पूर्ण समन्वयको कार्य गर्ने ।
- तीन दिने मनसुन पुर्वानुमानमा आधारित कार्यविधि अनुसार कार्य गर्ने ।

**रणनीतिः**

- समुदायमा हुनसक्ने संभावित विपद्को सूचनाहरु सम्बन्धित निकायहरुबाट निरन्तर प्राप्त गर्ने र विश्लेषण गर्ने ।
- विभिन्न निकायका सूचना अधिकारी एवम् समुदायस्तरका सूचना सर्म्पक व्यक्ति/समुह मार्फत स्थानीयतह, स्थानीयतहका विपद् व्यवस्थापन समितिहरु, सुरक्षा निकाय, स्थानीय राजनितिक दल, नेपाल रेडक्रस सोसाईटी,

संचारमाध्यमहरु, स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य गरी DEOC मार्फत सम्भाव्य प्रभावित क्षेत्र तथा निकायहरुमा सुचना सम्प्रेषण गरी आ-आफ्ना तालुक निकायहरुमा पठाउने ।

- संभावित प्रकोप हुनसक्ने अवधिभर र विपद्को समयमा स्थानीय समाचार माध्यम (एफ. एम. रेडियो, टि.भि., पत्रिका) मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।
- विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय वनाउन भूमिका निर्वाह गर्ने ।

**पूर्वानूमानमा आधारीत गतिविधिहरु**

- जल तथा मौसम विज्ञान विभागवाट प्राकाशित सूचनाको आधारमा ।
- सरोकारवाला निकायबाट प्राप्त सूचनाका आधारमा ।

**तालिका नं. १८ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | • तत्काल सरोकारवाला सम्पर्क व्यक्तिहरुसँग सूचना लिने ।<br>• कर्णाली र बबईको जल मापन केन्द्रका गेज रिडरहरु संग निरन्तर सम्पर्क गरी बाढीको सूचना सङ्कलन गर्ने ।<br>• कर्णाली वेसिन कार्यालय नेपालगञ्जसँग निरन्तर मौसमी विवरण लिने ।<br>• सम्भाव्य प्रभावित समुदायहरुलाई विपद्को सूचना एफ.एम. रेडियो र टेलिफोन मार्फत आवश्यकताको आधारमा प्रवाह गर्ने ।<br>• न.पा./गापा. तथा समुदाय स्तरका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नियमित सूचना आदान-प्रदान गर्ने<br>• बिषयगत क्षेत्रहरुलाई तत्काल सूचना सम्प्रेषण गर्ने ।<br>• जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र NEOC मा प्रतिवेदन गर्ने ।<br>• उद्धार कार्यको लागि थप जनशक्ति र | • स्थानीय तहमा रहेको सरोकारवाला निकायको सर्म्पक व्यक्तिको टेलिफोन नम्बर अद्यावधिक गर्ने ।<br>• जलमापन केन्द्रहरुको सम्पर्क व्यक्तिहरुसंग सर्म्पक गर्ने ।<br>• जल तथा वर्षा मापन केन्द्रमा रहेको उपकरण र जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममा रहेको विद्युतीय डिस्प्ले बोर्डको अवस्था वारे जानकारी लिने ।<br>• कर्णाली वेसीन कार्यालयबाट मौसम पुर्वानुमानको आंकलन गरिरहने ।<br>• सम्बन्धित सरोकारवाला निकायका सूचना अधिकारी मार्फत बाढी प्रभावित समुदायहरुलाई सूचना प्रवाह गर्ने ।<br>• प्रभावित हुने समुदायहरुलाई उपयूक्त सूचनाको माध्यम मार्फत विपद्को बारेमा जानकारी गराउने ।<br>• पुर्वानुमानमा आधारित वाढी | • बाटो कल्भर्टहरु क्षति हुन सक्ने ।<br>• प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>• अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अद्यावधिक गर्ने । | DEOC, जिल्ला विपद् व्यवस्थापन समिति. जि.स.स.,गाँउपालिका, नगर पालिका, स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसीन कार्यालय, ने.रे.सो. बर्दिया, स्थानीय एफएम रेडीयोहरु विश्व खाद्य कार्यक्रम आदि । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | श्रोत साधन का लागि PEOC /NEOC मा तुरुन्त सम्पर्क गर्ने ।<br>● अन्तर जिल्ला समन्वय गर्ने ।<br>● पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अनुसार तयारी गर्ने । | पुर्वतयारीका लागि कार्यविधि अनुसार विषयगत क्षेत्रको वैठक वस्ने । | | |
| १-७ घण्टा | ● घाईतेहरुको विवरण लिई महामारी को संक्रमणलाई मध्यनजर गरी उपचारको व्यवस्था मिलाउने ।<br>● जल मापन केन्द्रहरुमा नियमित सम्पर्क गर्ने र सूचना सम्प्रेषण गर्ने ।<br>● बिषयगत क्षेत्रको बैठक गरी आ-आफ्ना केन्द्रिय निकायमा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।<br>● जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयको NEOC, NDRRMA, PEOC मा निरन्तर जानकारी गराउने ।<br>● निरन्तर मौसमी सम्बन्धि सूचना लिने।<br>● विपद् सम्बन्धी सूचना प्रवाह गर्ने । | ● ०-१ घण्टा भित्र गरिने सवै गतिविधिहरुलाई निरन्तरता दिने।<br>● घाईतेहरुको उपचारका लागि सम्बन्धीत निकायसंग समन्वय गर्ने । | ● बाटो कल्भर्टहरुमा क्षति हुनसक्ने ।<br>● प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>● अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने । | DEOC, जिल्ला प्रशासन कार्यालय, जि.स.स., जिल्ला प्रहरी कार्यालय, कर्णाली वेसिन कार्यालय । |
| ७-२४ घण्टा | ● घाईतेहरुको विवरण अध्यावधिक गर्ने र उपचारको क्रमलाई निरन्तरता दिने ।<br>● उद्धार गरिएका व्यक्तिहरुको लगत तयार | ● प्रभावित व्यक्तिहरुलाई उपचारको लागि शिविर व्यवस्थापन गर्ने ।<br>● उद्धार गरिएको व्यक्ति (घाईते र | ● समन्वय र सहयोगमा ढिलो भएमा प्राथमिक उपचार शिविर सञ्चालनमा ढिलाई | DDMC, DEOC जिल्ला स्वास्थ्य कार्यालय, LDMC, DLSA र अन्य सरकारी तथा गैरसरकारी समुदाय । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | गर्ने<br>● अन्य विषयगत क्षेत्रका क्रियाकलापमा समन्वय र सहयोग गर्ने ।<br>● प्रतिवेदन सम्बन्धित निकायमा पठाउने<br>● मोवाइल मार्फत IRA तथ्याक सकंलन गर्ने<br>● ACT परिचालनको लागि गृह मन्त्रालयमा पत्राचार गर्ने | विस्थापित) हरुको लगत तयार गरी सम्बन्धित निकायमा पठाउने ।<br>● रेडक्रस, नेपाल प्रहरी र स्थानीय तहका कर्मचारीको सहभागितामा प्राप्त गर्ने । | हुने ।<br>● मोवाइलवाट तथ्याक संकलन गर्ने दक्ष जनशक्तिको अभाव । | |
| २४-४८ घण्टा | ● विपद्बाट प्रभावितहरुको लगत तयार गर्ने<br>● महामारीलाई मध्यनजर गरी अस्थायी शिविर व्यवस्थापन गर्ने ।<br>● मृत जनावार (घरपालुवा चौपाया) को दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>● अस्थायी शिविर सुरक्षाको व्यवस्थापन गर्ने। | ● तयार गरिएको लगतका आधारमा राहत वितरणका लागि विषयगत क्षेत्र परीचालन गर्ने ।<br>● अस्थायी शिविरमा सुरक्षा व्यवस्था गर्ने । | | DEOC, जि.प्र.का., जि.स.स.,जिल्ला प्रहरी कार्यालय । |
| ४८-७२ घण्टा | ● खोज तथा उद्धार कार्यको समन्वय र सूचनालाई निरन्तरता दिने । दुर्गन्ध व्यवस्थापन गर्ने । व्यक्तिगत क्षति भएको सम्पतिको विवरण संकलन गर्ने । | ● व्यक्तिग क्षति भएका विवरणलाई सम्प्रेषण गरी सम्बन्धित निकायमा पठाउने । | ● समयमै व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैलन सक्ने ।<br>● दक्ष जनशक्ति नभएर गलत तथ्यांक आउन सक्ने । | DEOC ,DDMC, सुरक्षा निकाय र LDMC |
| ७२ घण्टा देखि ७ दिन | ● प्रभावित तथा क्षतिको तथ्यांक अध्यावधिक गर्ने । | ● सुरक्षा निकायमा समन्वय गर्ने ।<br>● स्वास्थ्य विषयगत क्षेत्र परिचालन | ● समन्वय र तथ्यांक व्यवस्थापन समयमै हुन | DDMC, LDMC, सुरक्षा निकाय, समुदाय, स्वास्थ्य विषयगत क्षेत्र |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | ● शिविर व्यवस्थापनमा सहयोग गर्ने । <br>● स्वास्थ्य शिविर सञ्चालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने । | गर्ने । | नसकेमा थप जोखिम बढ्न सक्ने । | |
| एक साता देखि १ महिना भित्र | ● समन्वय र सुचना व्यवस्थापन । <br>● सबै बिषयगत क्षेत्रसंग निरन्तर समन्वय गर्ने | ● DDMC को बैठक बस्ने । <br>● सुरक्षा समितिको बैठक बस्ने । | अवस्था सामान्यतिर लैजाने | DDMC, सुरक्षा समिति, LDMC, समुदाय |

## ६.२. खोज तथा उद्धार

**अगुवाइ गर्ने निकायः** जिल्ला प्रशासन कार्यालय/जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC)
**मुख्य बिपद्को किसिमः** बाढी, भुकम्प, सर्पदंश, जंगली जनावर र आगलागी

**खोजी :** कुनै पनि प्राकृतिक वा कृतिम प्रकोपको अवस्थामा गरिनुपर्ने पहिलो कार्य खोजी हो । बाढी, आगलागी भूकम्प जस्ता प्राकृतिक र मानव सृजित प्रकोपले मानव जीवनलाई सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुर्‍याई दिन्छ । यस्तो असामान्य अवस्थामा घटनास्थलमा तत्काल उद्धारकर्मीहरुद्वारा उद्धार सामाग्री सहित मानव, पशु, धन बचाउको लागि गर्ने कार्य खोजी हो ।

**उद्धार :** प्राकृतिक प्रकोपले तहस नहस बनाएका मानव सिर्जित भौतिक संरचना तथा खोलानालाले बगाएर संकटासन्न अवस्थामा रहेका व्यक्ति, धन सम्पती, पशु चौपायालाई खोजी गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु नै उद्धार हो । यस्तो कार्य गर्दा सधै बृद्ध, बृद्धा, गर्भवती-सुत्केरी महिला, बालबालिका, फरक क्षमता भएका, घाईते बिरामीलाई प्राथमिकता दिई उद्धार गरिन्छ । उद्धार कार्यको साथसाथै प्राथमिक उपचार, सुरक्षा र खाने व्यवस्था पनि संगसंगै गरिन्छ । यो कार्य पीडितहरूको पुनर्स्थापना नभएसम्म चलिरहन्छ ।

**तालिका १९ : विपद्को अनुमानित अवस्था:**

| विपद् | प्रभावित हुनसक्ने घरपरिवार संख्या | जम्माजनसंख्या (१०० प्रतिशत) | जम्मा बालबालिका (२० प्रतिशत) | जम्मा जेष्ठ नागरीक (१० प्रतिशत) | जम्मा अपांगता ( १.५ प्रतिशत) |
|---|---|---|---|---|---|
| बाढी | २०००० | १००००० | २०००० | १०००० | १५०० |
| जंगलिजनावरको आक्रमण | १०० | ५०० | १०० | ५० | ८ |
| आगलागी | २०० | १००० | २०० | १०० | १५ |
| भुकम्प | १००० | ५००० | १००० | ५०० | ७५ |
| महामारी | १०००० | ५०००० | १०००० | ५००० | ७५० |

- बाढीबाट प्रभावित १५००० परिवार र भूकम्पबाट प्रभावित ५,००० परिवारमध्ये ३००० परिवारलाई तत्काल उद्धार गर्नुपर्ने अवस्था रहने ।
- भौतिक संरचनाहरुः घर, बाटो, पुल कलभर्ट आदि भत्किन सक्छ यातायात अवरुद्ध हुनसक्ने ।
- मानिसहरु वेपत्ता हुने, पुरिने, बगाउने, नदी वीचमा फस्ने, घाइते हुने तथा मानवीय क्षति हुनसक्ने ।
- ६ नगरपालिका र २ गा.पा.का जोखिमयुक्त क्षेत्रहरुमा डुवान, कटान र पटान हुन सक्ने ।
- सहर उन्मुख वस्तीहरु भूकम्पीय जोखिममा पर्न सक्ने ।
- सूचना सम्पर्क बिच्छेद हुने र सम्पर्क कायम गर्न कठिन हुन सक्ने ।
- आवास तथा व्यक्तिगत सम्पत्ती अस्थायी रूपमा क्षति, बाल-वालिका, गर्भवती तथा सुत्केरी महिला, जेष्ठनागरिक तथा फरक क्षमता(अपाङ्गता) भएका मानिसहरू मुख्यरूपमा प्रभावित हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि चाप पर्ने ।
- अस्थायी आवासमा बसेको समयमा चोरी, लुटपाट, बलात्कार र मानव बेचबिखन जस्ता घटनाहरु हुन सक्ने ।

**विषयगत उद्देश्यः**

- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानवीय तथा भौतिक क्षति कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्नु ।
- सुरक्षा मापदण्ड अवलम्वन गर्दै विपद्मा परेका समुदायलाई उद्धार गरी सुरक्षित आश्रय स्थलमा राख्नु।
- विपद्को समयमा प्रभावित समुदाय तथा सुरक्षा पोष्टहरुमा खोज तथा उद्धारका लागि अवश्यक सामाग्रीहरुको प्रवन्ध मिलाउने ।
- महिला, वालवालिका, जेष्ठ नागरीक, अपांग तथा असहायलाई खोजी कार्यमा प्राथमिकता दिनु ।

**रणनीति :**

- सुरक्षा मापदण्ड अवलम्वन गर्दै सुरक्षा निकायको समन्वयमा समुदायका तालिम प्राप्त जनशक्तिहरुलाई परिचालन गराउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- उद्धार सामाग्रीहरुको थप आपूर्तीका लागि सम्बन्धित निकायहरुमा समन्वय गरी व्यवस्थाका लागि पहल गर्ने ।
- DEOC/DLSA मार्फत विभिन्न गैर सरकारी संस्थाहरुसँग समन्वय गरी खोज तथा उद्धार कार्यको लागि थप आवश्यक पर्ने साधन (सवारी साधन समेत) को प्रबन्ध मिलाउने ।

**तालिका नं. २० विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना :**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | • सुचना प्राप्त गर्न साथ आपत्कालीन बैठक बस्ने ।<br>• प्रभावित क्षेत्रको पहिचान र प्राथमिकता निर्धारण गर्ने ।<br>• खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी ।<br>• खोज तथा उद्धार कार्य सञ्चालन गर्दा महामारी को सुरक्षा मापदण्ड अवलम्वन गर्ने<br>• स्वयम् सेवकहरु परिचालन गर्ने ।<br>• प्राथमिक उपचारक टोली परिचालन गर्ने ।<br>• DDMC का सदस्यलाई जानकारी दिने । | • सम्वद्ध व्यक्तिहरुको सम्पर्क नम्बर राख्ने<br>• खोज तथा उद्धार टोलीको लागि आवश्यक वन्दो वस्तीको सामग्रीहरू तयारी गर्ने ।<br>• खोज तथा उद्धार टोली, प्राथमिक उपचार टोली तथा स्वयंसेवक तयारी अवस्थामा राख्ने ।<br>• रेकर्ड तयारी गर्ने ।<br>• स्वयंसेवकहरुलाई अभिमुखिकरण गर्ने । | • उद्धार सामग्रीको कमी हुन सक्ने<br>• जोखिम क्षेत्रमा रहेका सुरक्षा निकायका पोष्टरुमा थप उद्धार सामाग्रीको व्यवस्था गर्नु पर्ने । | जिल्ला स्थित सुरक्षा निकायहरु, DEOC, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र नेपाल रेडक्रस सोसाइटी |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १-७ घण्टा | • खोज तथा उद्धारका कार्य जारी राख्ने ।<br>• आवश्यकता अनुसार मोटरबोट, हेलिकप्टर, रवर बोट आदिको प्रयोग गरी खोज तथा उद्धार गर्ने । | • ०-१ घण्टामा गरिने कार्यलाई निरन्तरता दिने<br>• खोज तथा उद्धारका गर्न हेलिकप्टर तयारी अवस्थामा राख्न समन्वय गर्ने । | हेलीकप्टर तयारी अवस्थामा राख्नका लागि कठीनाई हुन सक्ने । | जिल्ला स्थित सुरक्षा निकायहरु, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र DEOC, स्थानीय निकाय |
| ७(२४ घण्टा | • जोखिममा रहेकालाई स्थानान्तरण गर्ने ।<br>• घाईतेहरुलाई प्राथमिक उपचार गर्ने ।<br>• प्राथमिक उपचार गरी थप उपचारका लागि अस्पताल पठाउने ।<br>• प्राथमिक उपचार गर्दा महामारी को मापदण्ड अवलम्वन गर्ने ।<br>• घटना मुचुल्का तयार गर्ने, मृत अवस्थामा फेला परेमा पोष्टमार्टमको लागि अस्पताल पठाउने ।<br>• खोजी तथा उद्धार कार्यको निरन्तरता दिने । | • सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने<br>• स्वयंसेवकहरुलाई परिचालनमा निरन्तरता<br>• प्राथमिक उपचारको टोली परिचालनमा निरन्तरता ।<br>• सुरक्षा निकाय र तालिम प्राप्त स्वयम् सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>• रेकर्ड तयारी गर्ने । | जोखिममा रहेकाहरुले घर छोड्न तत्परता नदेखाउन सक्ने । | गृह मन्त्रालय नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी आदि । |
| २४(४८ घण्टा | • खोज तलासको क्रममा भेटिएका व्यक्ति तथा सम्पत्तिहरु सम्बन्धित परिवारहरुलाई जिम्मा लगाउने ।<br>• घटनाको द्रुत लेखाजोखालाई निरन्तरता दिने<br>• थप भेटिएका घाईतेहरुलाई प्राथमिक उपचार गर्ने ।<br>• प्राथमिक उपचार गरी थप उपचारको लागि | • सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरी रहने<br>• खोजि तथा उद्धार कार्यलाई निरन्तरता प्रदान गर्ने ।<br>• शिविर व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवक परिचालनमा निरन्तरता ।<br>• प्राथमिक उपचारको टोली परिचालनमा तयारी अवस्थामा राख्ने | सञ्चार सम्पर्क बिच्छेद हुनसक्ने । | गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, स्थानीय विपद् तथा वडा विपद् व्यवस्थापन समिति, रेडक्रस सोसाइटी आदि । |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| | अस्पताल पठाउने ।<br>● बेपत्ता व्यक्ति, व्यक्तिगत सम्पति, पशु चौपाय खोजी दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>● घटनाको बारेमा म्न्ःऋ मा प्रतिवेदन दिने । | ● सुरक्षा निकाय र तालिम प्राप्त स्वयम् सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>● रेकर्ड तयारी गर्ने । | | |

## मानवीय सहयोगका मापदण्ड :

- विपद् भए लगत्तै उपकरण सहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- आवश्यकतानुसार प्रारम्भिक लेखाजोखा IRA र बिस्तृत घरधुरी सर्वेक्षण टीम खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिन दिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (CC&CM) को अनुगमन गर्ने तथा प्रतिवेदन गर्ने (फारम सहितको) संयन्त्र ।
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार संचार माध्यममा पठाउने ।
- नियन्त्रण तथा मानवीय सहयोगसम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने (निकायबाट प्रत्यक्ष वितरण होइन) ।
- स्थानीय विपद् उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन) ।

**तालिका नं. २१ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**

| क.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सिमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र सम्बन्धित गा.पा., न.पा., ने.रे.सो., गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | घरधुरी सर्वेक्षण, जि.स.स., गा.पा., न.पा.को पार्श्वचित्र, स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायू अनुकुलन योजना | हरेक वर्षको पुष मसान्त सम्ममा |
| २ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, DEOC, आदि | बैठक | जेष्ठ मसान्त सम्म |
| ३ | विपद् व्यवस्थापन कार्यसंग सम्बन्धित कृत्रिम अभ्यास गराई फौजलाई तयारी राख्ने । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय तह, NRCS , DEOC | तालिम तथा कृत्रिम घटना अभ्यास | असार मसान्त सम्ममा |
| ४ | उद्धार सामग्रीहरूको संकलन । | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय समुदाय । | समन्वय | आषाढको अन्त्य सम्ममा |
| ५ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम् सेवकहरुको सम्पर्क सुची तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय, रेडक्रस, स्थानीय तह, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु आदि । | फोन, इमेल, संकलन गरी राख्ने | आषाढको अन्त्य सम्ममा |
| ६ | सुरक्षा निकाय तथा समुदायस्तरमा रहेका उद्धार टिमलाई अभिमुखिकरण | DDMC, LDMC, DEOC, गै.स.स.महासंघ एवम् विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु | अभिमुखि करण | असार दोश्रो हप्ता |
| ८ | खोज तथा उद्धार टोलीलाई पौडी सम्वन्धि व्यवहारिक अभ्यास (Simula-tion) गर्ने | DDMC, LECO, सुरक्षा निकाय । | तालिम दिने | ,, निरन्तर |
| ९ | मौजुदा सामाग्रीहरुको जांच/परिक्षण गर्ने । | DDMC, LDMC, DEOC, LECO, सुरक्षा निकाय र स्थानीय समुदाय । | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | |
| १० | आवश्यकता अनुसारको सामाग्रीहरुको पुग/नपुग आँकलन गर्ने । | स्थानीय तह, सुरक्षा निकाय, DEOC ,खोज तथा उद्धार विषयगत कार्यालय, विपद्को क्षेत्रमा काम गर्ने स्रघसंस्थाहरु । | संकलन, ढुवानी र आवश्यकता पहिचान गर्ने । | |

## ६.३ गैरखाद्य सामाग्री तथा शिविर व्यवस्थापन

**अगुवाइ गर्ने निकायः** शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज
**मुख्य बिपद्को किसिमः** बाढी, जंगली जनावर, आगलागी, महामारी र भुकम्प

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नुपर्ने हुन्छ । सामान्यतया समुदायमा उपलब्ध विद्यालय, सामुदायिक भवन, मन्दीर, न.पा, गापाका, सरकारी भवन तथा सार्वजनिक खाली स्थानलाई आपत्कालीन आश्रयस्थलको रुपमा प्रयोग गर्नुपर्ने हुन्छ भने आवश्यक भएमा मापदण्ड बमोजिम अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । आवास तथा गैर खाद्य क्षेत्रले विस्थापितका लागि दैनिक जीवनयापनका लागि भाँडा वर्तन, ओड्ने, ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडा र इन्धन तथा नगद सहयोग लगायतको मानवीय सेवा उपलब्ध गराउनुपर्ने हुन्छ ।

**तालिका २२ : _को अनुमानित अवस्था र जोखिममा पर्ने अनुमानित जनसंख्याः**

| विपद् | प्रभावित हुनसक्ने घरपरिवार संख्या | जम्मा जनसंख्या (१०० प्रतिशत) | जम्मा बालबालिका (२० प्रतिशत) | जम्मा जेष्ठ नागरीक (१० प्रतिशत) | जम्मा अपांगता ( १.५ प्रतिशत) |
|---|---|---|---|---|---|
| बाढी | २०००० | १००००० | २०००० | १०००० | १५०० |
| जंगलिजनावरको आक्रमण | १०० | ५०० | १०० | ५० | ८ |
| आगलागी | २०० | १००० | २०० | १०० | १५ |
| भुकम्प | १००० | ५००० | १००० | ५०० | ७५ |
| महामारी | १०००० | ५०००० | १०००० | ५००० | ७५० |

उच्च जोखिममा रहेका गाँउ/नगरपालिका तथा बाढीको कारण २०,००० परिवार मध्ये पुर्ण क्षति हुन सक्ने अनुमानित ५,००० परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नुपर्ने । भुकम्पको कारण ५,००० परिवार मध्ये पुर्ण क्षति हुन सक्ने अनुमानित २,००० परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नु पर्ने । आगलागीको कारण वार्षिक २०० परिवार पुर्ण क्षति हुन सक्ने परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नुपर्ने । वर्दिया जिल्लामा उल्लेख गरिए वमोजिमको विपद्ले निम्न अवस्था आउन सक्ने आँकलन गरिएको छ ।

- व्यक्तिगत घरहरु, सार्वजनिक र सामुदायिक भवनहरु क्षति/नष्ट भएको हुनेछ ।
- भिडभाड सृजना भई महामारी को संक्रमण बढ्न सक्ने खतरा ।
- विपद्ले विस्थापित भई खुल्ला स्थानमा वसोवास गर्नुपर्ने अवस्था सृजित हुनेछ ।
- यातायात अवरुद्ध भइ आवतजावतमा र राहत सामाग्री ढुवानीमा कठिनाई हुन सक्नेछ ।

- सुरक्षित आश्रयस्थल तथा गैर खाद्य सामाग्रीको अभाव हुन सक्नेछ ।
- अपाङ्गता, वालवालिका, विशेष परिस्थितिका महिला, जेष्ठनागरिकलाई दैनिक जीवन निर्वाहमा अप्ठ्यारो परिस्थिति सृजना हुन सक्नेछ ।
- विद्यालयहरु क्षतिग्रस्त तथा बन्द हुन सक्नेछ ।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू, सार्वजनिक भवन, सामुदायिक आश्रयस्थल जस्ता सार्वजनिक संरचनाहरूमा विस्थापित मानिसहरूको बसोवासको लागि दबाव पर्न सक्नेछ ।

**विषयगत उद्देश्यः**

- तत्काल गैर खाद्य सामाग्री त्रिपाल, कम्बल, म्याट्रेस तथा डोरी आदिको व्यवस्थापन गर्ने ।
- सुरक्षित आवासको लागि स्थान तथा आश्रयस्थल पहिचान गरी सामाजिक दुरी कायम हुनेगरी शिविरहरू र अस्थायी भौतिक संरचना निर्माण गर्ने ।
- विपद्का कारणले घरवार विहीन मानिसहरूका निम्ति स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्ने ।

**रणनीति :**

- विपद्को समयमा भौतिक तथा मानवीय क्षति न्यूनिकारणका लागि तत्काल उपलब्ध स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी आकस्मिक शिविर व्यवस्थापन गर्न स्थानीय तह तथा सरोकारवालाहरुको समन्वयमा स्थानीय स्तरका स्वंयम सेवकहरुलाई व्यवस्थापन र परिचालन गर्ने ।
- विपद् प्रभावित व्यक्ति/परिवारहरूका लागि समयमानै राहत प्रतिकार्य समूहको पहूँच सुनिश्चित गरी अस्थायी आवासका सामग्रीको उपलब्धता र थप घरायसी गैर खाद्य सामाग्री उपलब्धताको आधारमा जिन्सी तथा निर्शत नगद सहयोग तथा सुरक्षित स्थानहरूमा अस्थायी आवासको व्यवस्था गरी विपद्को अवस्थाबाट जनजीवन सामान्य बनाउने ।
- विपद्बाट पूर्ण रुपमा प्रभावित हुनसक्ने पूर्वानुमान गरिएका परिवारलाई सामाजिक दुरी कायम गरी महामारी का अन्य सुरक्षा मापदण्डलाई ध्यान दिदै तत्काल अस्थायी आवासको ब्यवस्था गर्ने र आवश्यकताको आधारमा गैरखाद्य सामग्री तथा नगद सहयोग उपलब्ध गराउने ।
- विपद् पश्चात् बजारको चलाईमान बिश्लेषण गर्ने र बजारमा आधारित भएर नगद बितरणका उपयुक्त राहत कार्यक्रम संचालन गराउने ।

**मानवीय सहयोग सम्बन्धी मापदण्ड :**

- स्फेयर मापदण्ड अनुसार औसतमा एक व्यक्तिका लागि ३.५ बर्ग मिटर छानाभित्रको क्षेत्रफल र क्याम्प व्यवस्थापनका लागि प्रतिव्यक्ति ४५ वर्ग फिट क्षेत्रफल उपलब्ध उपलब्ध हुनेछ । (औसतमा एक ५ सदस्यीय परिवारका लागि कम्तिमा पनि १० मिटरको डोरी सहितको प्लाष्टिक सिट र अन्य थप सहायता सामग्री उपलब्ध गराईनेछ ।)

- केन्द्रीय आवास विषयगत क्षेत्रले तयार गरेको राहत सामाग्रीको मापदण्डलाई स्थानीय सन्दर्भ र आवश्यकतामा आधारित भएर कार्यान्वयनको लागि स्थानीय तथा जिल्ला तहमा छलफल तथा समन्वय गरिनेछ ।
- प्रत्येक प्रभावित परिवारलाई नेपाल रेडक्रस सोसाईटीको मापदण्ड अनुसार एक सेट गैर खाद्य सामग्री उपलब्ध गराईनेछ । वा स्रोतको उपलब्धताको आधारमा स्फेयरको न्यूनतम मापदण्ड अनुसरण गर्ने प्रयास गरिने छ । अन्य घरायसी गैर खाद्यय राहत सामाग्री भने विस्तृत सर्वेक्षण पश्चात आवश्यकता साथै स्रोतको उपलब्धताको आधारमा नगद तथा भौचरमा आधारित भएर गर्न सकिनेछ ।

**तालिका नं. २३ विपद्को् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्-चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा | ● समन्वय गर्ने र क्लष्टर सदस्यलाई गैह्र खाद्य क्षेत्रको बैठकको सुचना दिने ।<br>● सञ्जाल भित्रबाट सुचना संकलन (टेलिफोन मार्फत) | ● गैर खाद्य क्षेत्रको सदस्यहरुको सम्पर्क नम्वर राख्ने ।<br>● रेडक्रस सञ्जाल र सरोकारवाला निकाय भित्रका सदस्यहरुको सम्पर्क नम्बर संकलन र अद्यावधिक गर्ने । | ● टेलिफोनको सम्पर्क विच्छेद अवस्था हुन सक्ने । | शहरी बिकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाई, नेपालगञ्ज, प्रहरी, DEOC, नपा/गापारेडक्रस । | DDMC/DEOC, DCC, DUDBC, रेडक्रस, लगायतका संस्थाहरु । |
| १ देखि ७ घण्टा | ● गैर खाद्य क्षेत्रको बैठक बस्ने र गैर खाद्य सामग्रीहरुको लेखाजोखा गर्ने । | ● आवश्यक सामग्री उपलब्धताको लागि बजार सर्वेक्षण गर्ने । | ● तालीम प्राप्त जनशक्तिको अभाव ।<br>● परिचालनमा कठीनाइ ।<br>● प्रभावित स्थान सम्मको पहुँचमा अवरोध । | DDMC/DEOC, DCC, DUDBC, नपा/ गापा, नेपाल प्रहरी, रेडक्रस, लगायत, संघसस्थाहरु । | |

| विपद्को घटना पश्-चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| ७ देखि २४ घण्टा | • तत्काल आवश्यकताको आधारमा त्रिपाल तथा गैर खाद्य सामाग्री वितरण गर्ने । | • ५००० वटा त्रिपाल, डोरी, जुट कार्पेट र नाइलन गुन्द्री तयारी अवस्थामा राख्ने । | • ४८०० वटा त्रिपालको लागि आर्थिक अभाव । | DDMC, रेडक्रस, सुरक्षा निकाय, राजनैतिक दलहरु, स्था-नीय विपद् व्यवस्थापन समिति । | २०० वटा त्रिपाल रेडक्रस संग रहेको । |
| २४ देखि ७२ घण्टा | • शिविरमा बसेका प्रभावित परिवारहरुलाई गैर खाद्य सामग्री वितरण<br>• वालवालिका, विशेष परिस्थितिका महिला, अपागंताका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने | • ५००० गैर खाद्य सामग्री तयारी अवस्थामा राख्ने ।<br>• १०० वटा टेन्ट तयारी अवस्थामा राख्ने । | • ४६०० गैह्रखाद्य सामग्री अभाव ।<br>• १०० टेन्टको अभाव । | DDMC, रेडक्रस, सुरक्षा निकाय, राजनैतिक दलहरु, स्था-नीय विपद् व्यवस्थापन समिति | |
| एक हप्ता भित्र | • DDMC बाट निर्णय गराई Detailed Assess-ment Form प्रयोग गरी घरधुरी तहको सर्वेक्षण गर्ने ।<br>• अन्य विषयगत क्षेत्रसग समन्वय गरी अगाडी वढ्ने<br>• बजारको संभाव्यता अध्ययन गर्ने । | • रेडक्रस संजाल, तालिम प्राप्त जनशक्ति क्लष्टरका सदस्यहरुलाई MIRA सम्वन्धी तालिम दिने ।<br>• १५००० प्रति विस्तृत सैंक्ष-ण फारमहरु छपाई गर्ने ।<br>• बजार संभाव्यता बिश्लेष-णका लागि क्षमता भएका आवास सदस्यहरुसँग छलफल तथा समन्वय गर्ने | • अभिमुखिकरण खर्च र छपाईका लागि आर्थिक श्रोतको अभाव । | DDMC/DEOC, रेडक्रस, एक्सन एड, | |

| विपद्को घटना पश्-चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
